राष्ट्रिय साप्ताहिक

# जनजिब्रो

Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञानवर्द्धक सामग्रीका लागि

newskoseli.com
सबैतिरबाट, सबैका लागि

वर्ष– ३१, अङ्क– ८, भदौ २७ गते शुक्रबार, २०८२ (12 September, 2025) | www.janajibro.com | मूल्य रू. १०।-

# जेन–जी प्रदर्शन : उपलब्धि र सन्देश

## विचार, सङ्गठन, नेतृत्व र लक्ष्यको अभाव, समाजवादी क्रान्तिको अपरिहार्यता पुष्टि

■ जनजिब्रो संवाददाता




**काठमाडौं ।** जेन-जी उमेरसमूहका किशोर-किशोरी र युवा-युवतीहरूले दुईसूत्रीय माग राखेर २३ भदौदेखि अनिश्चितकालसम्मका लागि भन्दै शान्तिपूर्ण प्रदर्शन आह्वान गरेका थिए। एमाले अध्यक्ष खड्गप्रसाद ओली नेतृत्वको तत्कालीन सरकारले 'नेपालमा सूचीकरण नगरेसम्मका लागि' भन्दै प्रमुख सामाजिक सञ्जालहरूमा सिर्जना गराएको अवरोध तत्काल हटाउनुपर्ने उनीहरूको एउटा प्रमुख माग थियो भने मुलुकमा व्याप्त चरम भ्रष्टाचार निर्मूल पार्न निर्मम कदम चालियोस् भन्ने उनीहरूको अर्को माग थियो।

जम्माजम्मी यिनै दुई मागहरूका साथ जेन-जी उमेरसमूहले आह्वान गरेको विरोध प्रदर्शनको पहिलो दिनमै अनेकौं अवाञ्छित तत्त्वहरूले भयङ्कर घुसपैठ गरे; आन्दोलनलाई चरम हिंसात्मक एवम् चरम अराजक स्वरूपमा बदल्न प्रयत्न गरे। यस क्रममा सरकारले भयङ्कर अपराध गऱ्यो; कम्तिमा १९ जना प्रदर्शनकारीहरूको तत्काल मृत्यु र सयौं नागरिक गम्भीर घाइते हुने गरी विवेकहीन र आततायी तरिकाले बल प्रयोग गरी मुलुकमा रक्तपातपूर्ण स्थिति सिर्जना गरायो।

ओली सत्ताको कुशासन, भ्रष्टाचार र बर्बरता चरमचुलीमा पुगेकै थियो र नागरिक, समस्त समाज र सिङ्गै राष्ट्रले व्यग्रतापूर्वक विकल्प खोजिरहेकै थियो। २३ भदौको जेन-जी प्रदर्शन र त्यस क्रममा सरकारले मच्चाएको बर्बरतापूर्ण नरसंहारले स्थितिलाई विष्फोटक अवस्थामा पुऱ्यायो। यथास्थितिमा परिवर्तन चाहने सवैले २४ गतेको प्रदर्शनलाई साथ, सहयोग र समर्थन गर्ने अवस्था बन्यो। सारतः २४ भदौको जेन-जी प्रदर्शनमा दुईथरी प्रवृत्तिले सघाएः एक- यथास्थितिलाई अग्रगामी परिवर्तनमा ढाल्न चाहनेहरू र दुई- यथास्थितिलाई प्रतिगमन-तर्फ लतार्न दुष्प्रयत्न गर्नेहरू।

क्रमशः अन्तिम पृष्ठमा

# जनधनको भयंकर क्षतिपछि ओलीको राजीनामा

**काठमाडौं ।** सामाजिक सञ्जालमाथिको प्रतिबन्ध हटाउनु पर्ने र भ्रष्टाचारनियन्त्रणलगायत माग राख्दै जेन-जीका नाममा सोमबार सुरु शान्तिपूर्ण प्रदर्शनमा व्यापक दमन भएपछि दोस्रो दिन मंगलबारसम्म आइपुग्दा निजी, सार्वजनिक तथा राष्ट्रिय सम्पत्तिमा व्यापक तोडफोड तथा आगजनी गर्दै उग्र रूप लिएपछि प्रधानमन्त्री केपी शर्मा ओलीले राजीनामा दिएका छन्।

प्रधानमन्त्रीको सचिवालयका अनुसार ओलीले राजीनामा दिएका हुन्। ओलीले मंगलबार साँझ सर्वदलीय बैठक बोलाएको समेत उनको सचिवालयले जानकारी दिएको हो। जेन-जी पुस्ताको भ्रष्टाचारविरोधी शान्तिपूर्ण प्रदर्शनका क्रममा दमन भएपछि दर्जनौंको ज्यान जानुका साथै थुप्रै घाइते भएका छन्।

मंगलबारको प्रशर्दनका क्रममा प्रदर्शनकारीले बानेश्वरमा रहेको अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, देशकै ऐतिहासिक सम्पदा सिंहदरबारसहित विभिन्न मन्त्रालय, ठूला-साना दलका पार्टी मुख्यालय, प्रहरीचौक, स्थानीय तहका भवन तथा कार्यालयहरू, विभिन्न होटल तथा सपिङ महलहरू, मन्त्री तथा पूर्वप्रधानमन्त्रीका आवासगृहलगायत, विभिन्न सञ्चारमाध्यमका कार्यालयहरू, निजी आवाससहित देशभरका महत्वपूर्ण भौत्तिक संरचनाहरूका आगजनी तथा लुटपाट भएको थियो।

काठमाडौंको सर्वोच्च, विशेषसहित चार उच्चअदालत र १० जिल्ला अदालतमा समेत आगजनी भएको छ। आगजनीबाट ती भौत्तिक संरचनासहित त्यहाँ रहेका महत्वपूर्ण दस्तावेजहरू समेतमा अपूरणीय क्षति पुगेको छ। सोही क्रममा उच्च अदालत हेटौंडा, उच्च अदालत तुलसीपुर, बुटवल इजलास, उच्च अदालत विराटनगर, उच्च अदालत राजविराज आगजनी भएको छ।

काठमाडौंसहित कपिलवस्तु जिल्ला अदालत, सप्तरी जिल्ला अदालत, बाँके जिल्ला अदालत, चितवन जिल्ला अदालत, कास्की जिल्ला अदालत, रूपन्देही जिल्ला अदालत, पर्सा जिल्ला अदालत तथा मकवानपुर जिल्ला अदालतमा आगजनी भएको प्रारम्भिक तथ्यांक प्राप्त भएको छ। देशभरका अदालतमा क्षति पुगेको जानकारी दिँदै सर्वोच्च अदालतका सूचना अधिकारी निराजन पाण्डेले सोको प्रारम्भिक जानकारी मात्र प्राप्त भएको बताए। 'सबै जिल्लाबाट विवरण प्राप्त भएको छैन। केही प्रारम्भिक तथ्यांकहरू आएका छन्। क्षतिको विवरण ठूलो छ' उनले भने सर्वोच्च र हेटौंडामा रहेको डाटा सेन्टरमा समेत आगलागी भएकाले यकिन विवरण निकाल्न कठिन भएको हो।' नायव महान्यायाधिवक्ता सञ्जिवराज रेग्मीले प्रारम्भिक तथ्यांकअनुसार १७ सरकार वकिल कार्यालय र जिल्ला सरकार वकिल कार्यालय

# विचारधाराको भ्रम र यथार्थको सङ्घर्ष

### मार्क्सवादको आधारशिलाः 'जर्मन विचारधारा' को विश्लेषण

'जर्मन विचारधारा' (१८४५-४६) कार्ल मार्क्स र फ्रेडरिक एङ्गेल्सको सबभन्दा मौलिक कृतिहरूमध्ये एउटा हो। यो उनीहरूको जीवनकालमा प्रकाशित भएन। यो कृति मार्क्सवादी दर्शन, इतिहासको बोध र समाजको विश्लेषणको आधारशिला हो। यो पुस्तक मुख्यगरी त्यो बेलाका जर्मन बौद्धिक व्यक्तित्व लुडविग फायरबाख, म्याक्स स्टर्नर र ब्रुनो बाउर जस्ता युवा हेगेलवादीहरूको विरुद्ध तीखो आलोचनात्मक प्रतिक्रिया थियो। यी दार्शनिकले हेगेलको रूढीवादी दर्शनको आलोचना गरे पनि विचारधारा र चेतनाको दायरामा अल्झिएका थिए। उनीहरूको मान्यता अनुसार संसारको परिवर्तनको लागि विचारलाई परिवर्तन गर्नु पऱ्याप्त हुन्छ भन्ने थियो।

यो पुस्तकको केन्द्रीय शोध अनुसार चेतना सामाजिक अस्तित्वद्वारा निर्धारित हुन्छ, यसको विपरीत होइन भन्ने हो। मानव इतिहासको आधार अन्न उत्पादन गर्नु, पशुपालन गर्नु, यन्त्र बनाउनु,

**समय- सन्देश**

नारायण गिरी

हो, ईश्वर, राष्ट्र र विचारको बारेमा बहस गर्नु होइन। भौतिक उत्पादनका शर्तहरू नै सामाजिक सङ्गठनका आधार हुन्। इतिहासको गति उत्पादनका तरीकाहरूको विकासद्वारा सञ्चालित हुन्छ। प्रत्येक ऐतिहासिक युगका आफ्ना विशिष्ट उत्पादन शक्ति (साधन र श्रम) र उत्पादन सम्बन्ध (वर्ग सम्बन्ध, सम्पत्तिको स्वामित्वका रूप) हुन्छन्। उत्पादन शक्ति भनेको श्रम, उपकरण, प्रविधि र कच्चा पदार्थ हो भने उत्पादन सम्बन्ध भनेको वर्गहरूको बीचको सम्बन्ध (दास-मालिक, सामन्त-भूदास, पुँजीपति-मजदुर) हो। आधार भनेको अर्थव्यवस्थाको भौतिक आधार, उत्पादनको तरीका र तिनीहरूबाट उत्पन्न वर्गसम्बन्ध हो भने उपरिसंरचना भनेको राज्य, कानून, धर्म, दर्शन, कला, संस्कृति हुन् र यी सबै आधारद्वारा निर्धारित हुन्छन्। यिनीहरूले शक्तिशाली वर्गका हितहरूलाई स्थापित र वैध

क्रमशःदोस्रो पृष्ठमा

विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरूका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरूकै सिर्जनात्मक क्षमतामा भर परेर फड्को मार्न तयार हुन्छन्। -लेनिन

जनजिब्रो साप्ताहिक
वर्ष- ३१, अङ्क- ८, भदौ २७ गते शुक्रबार, २०८२

सम्पादकीय

# निर्दलीय चुनावी सरकारको दायित्व

बहुदलीय लोकतान्त्रिक गणतान्त्रिक व्यवस्था विद्यमान रहेको वर्तमान नेपालमा हालै मात्र निर्दलीय सरकार गठन भएको छ। अवस्था यस्तो छ कि, कसैले आफू कुनै न कुनै राजनीतिक दलसँग आबद्ध छु भन्यो भने उसले कम्तिमा पनि लजाउनुपर्ने नत्र डराउनुपर्ने अवस्था विद्यमान छ।

२००७ सालयता पटक-पटक सत्ताको नेतृत्व वा मुख्य सहभागी बनेर नेपाली जनतामाथि नेपाली काङ्ग्रेसले शासन गर्‍यो। २०४८ यता एमालेले निरन्तर सत्तावृत्तमै रहेर हालीमुहाली चलाउँदै आयो। र, २०६४ यता माओवादी पनि निरन्तरजसो सत्ताको नेतृत्व या सेरोफेरोमै रह्यो। मधेशवासीलगायतका अन्य दल र समूहहरूले पनि निरन्तरजसो नै सत्तावृत्तमा रहेर हालीमुहाली चलाए। यिनै दलका नेता तथा पटक-पटक अवसर पाएका पात्रहरूले निरन्तरजसो प्रदर्शन गर्दै र राष्ट्र तथा जनतामाथि थोपर्दै आएको नालायकीपन, कुशासन, भ्रष्टाचार, व्यभिचार र दुराचारका कारण नै मूलतः यो अवस्था आएको हो। यसै स्थितिको आडमा देशी-विदेशी प्रतिगामी एवम् विस्तारवादी तत्त्वहरूले निरन्तर खेलिरहेका भूराजनीतिक खेलहरू मुलुकको राजनीतिक अन्योल, अस्थिरता, द्वन्द्व र विध्वङ्सका निम्ति अझ निर्णायक त रहने नै भए।

यही परिवेशमा जेन-जी प्रदर्शनको बहानामा राष्ट्रमा मच्चाइएको अकल्पनीय वितण्डा, विध्वङ्ग र सिर्जना गरिएको राजनीतिक अन्योल र अस्तव्यस्तताको व्यवस्थापन गर्ने मुख्य दायित्व सहित वर्तमान निर्दलीय सरकार गठन भएको छ। द्वितीयक र झिनामसिना विषयतर्फ नलागी यो सरकारले राजनीतिक सङ्क्रमण र संवैधानिक विचलनको अवस्थालाई यथासमयमै टुङ्ग्याएर आफ्नो जिम्मेवारी पूरा गरोस्।

## विचारधाराको...

ठहऱ्याउने काम गर्छन्। मार्क्सका अनुसार प्रभुत्वशाली विचार सधैं प्रभुत्वशाली वर्गका विचार रहेका छन्। विचारधारा यस सन्दर्भमा एक भ्रम हो। यसले वास्तविक, भौतिक जीवनलाई उल्टो रूपमा प्रस्तुत गर्छ, जसबाट विचारले भौतिक संसारलाई नियन्त्रित गर्छ भन्ने लाग्छ, जबकि वास्तविकता यसको विपरीत हुन्छ। विचारधारा प्रभुत्वशाली वर्गको एक उपकरण हो, जसले आफ्नो शक्तिलाई प्राकृतिक र शाश्वत देखाएर वर्गसङ्घर्षलाई दबाउँछ।

यो पुस्तकको शीर्षकले नै यसको मुख्य लक्ष्यलाई दर्शाउँछ। मार्क्स-एङ्गेल्सका अनुसार जर्मन विचारधारा आदर्शवादको एक रूप हो। यसले वास्तविक, ऐतिहासिक मानवलाई अमूर्त चेतनाबाट प्रतिस्थापित गरिदिन्छ; यसले वास्तविक भौतिक सङ्घर्षलाई विचारको सङ्घर्षमा बदलिदिन्छ र यसले सामाजिक समस्याहरूको समाधान भौतिक परिस्थितिहरूको क्रान्तिकारी रूपान्तरणमा नखोजेर विचारको परिवर्तनमा खोज्छ। यो एक अध्यारो क्यामेरा हो, जसले बाहिरी वास्तविकताको चित्रलाई उल्टो देखाइदिन्छ। जर्मन दार्शनिकहरूको दर्शन वास्तविकताको ठीक उल्टो प्रतिबिम्ब हो।

यो पुस्तकमा ऐतिहासिक भौतिकवादको आधारमा मार्क्स-एङ्गेल्सले साम्यवादलाई एक अनिवार्य ऐतिहासिक सम्भावनाको रूपमा प्रस्तुत गर्छन्। यो पुँजीवादको आफ्नै अन्तर्विरोधहरूको परिणाम हुनेछ। साम्यवादले वर्गसङ्घर्ष र शोषणको उन्मूलनको प्रतिनिधित्व गर्छ। मानिसले आफ्नो भौतिक अस्तित्वको अनिवार्यताबाट मुक्त भएर आफ्नो सम्पूर्ण मानवीय क्षमताको उपयोग गर्न सकेपछि मात्र वास्तविक इतिहास शुरु हुनेछ।

'जर्मन विचारधारा' पुस्तकले मार्क्सवादलाई एक वैज्ञानिक सिद्धान्तको रूपमा स्थापित गर्छ। यो पुस्तक 'कम्युनिष्ट घोषणापत्र' र 'पुँजी' जस्ता महान कृतिको आधार हो। यसले विचारधाराको आलोचनाको लागि एउटा शक्तिशाली ढाँचा प्रदान गर्‍यो, जसको प्रभाव साहित्यिक सिद्धान्त, सांस्कृतिक अध्ययन र राजनीतिक विज्ञानमा आजसम्म पनि रहेको छ। यसले वर्ग र आर्थिक संरचनाको सामाजिक जीवनमा पर्ने निर्णायक प्रभावमाथि जोड दियो।

यसरी 'जर्मन विचारधारा' केवल एउटा दार्शनिक ग्रन्थ मात्र नभएर एउटा क्रान्तिकारी कार्यक्रम पनि हो। यसले संसारलाई बुझ्ने र त्यसलाई बदल्ने एउटा नयाँ वैज्ञानिक पद्धति प्रस्तुत गर्छ। यसले सामाजिक परिवर्तनको कुञ्जी दार्शनिकहरूको दिमागमा नभएर उत्पादनका तरीका र वर्गसङ्घर्षको भौतिक संसारमा निहित हुन्छ भन्ने कुरा सिकाउँछ। यो मार्क्सवादको केन्द्रीय स्तम्भ हो, जसमाथि मार्क्स-एङ्गेल्सका सबै रचना टिकेका छन्। आज पनि पुँजीवादी समाजको विश्लेषण गर्नको लागि यो एक शक्तिशाली उपकरण बनेको छ। यसमा मार्क्स-एङ्गेल्सले के कुरा स्पष्ट बनाएका छन् भने संसारलाई बदल्नको लागि सोचेर मात्र केही पनि हुँदैन, त्यसको लागि श्रम (काम) गर्नुपर्छ, वास्तविकतालाई बुझ्नुपर्छ। वास्तविक शक्ति विचारमा नभएर जनतासँग र उनीहरूको श्रममा हुन्छ भन्ने कुरा बुझ्नुपर्छ। यसमा समाज कसरी चल्छ, कसले यसलाई चलाउँछ र आम जनता त्यसमा कसरी जोडिन्छन् वा फस्छन् भन्ने कुरा प्रष्ट पारिएको छ। यो पुस्तकको एउटा सबभन्दा महत्त्वपूर्ण कुरा विचार बदलिने नभएर जिन्दगी बदलिन्छ भन्ने हो। सोच्नु आवश्यक हुन्छ तर त्योभन्दा बढी धरातलमा उत्रिएर केही गर्नु आवश्यक हुन्छ। यो एउटा पुस्तक मात्र नभएर वास्तविकता देखाउने एक दर्पण हो। यो पुस्तक परिवर्तनको लागि शक्ति प्रदान गर्ने एउटा हतियार पनि हो।

### परिवर्तन सोचबाट होइन, श्रम (काम) बाट हुन्छ

शोषण र गरीबीबाट मानवलाई मुक्त गर्न र समाजलाई पूर्ण रूपमा परिवर्तन गर्नको लागि ठूला-ठूला कुरा गरेर हुँदैन। खास परिवर्तन मानवले वास्तविकलाई बुझेर श्रम (व्यवहार) मा लागेपछि मात्र हुन्छ। परिवर्तनको वास्तविक आधार आवश्यकता र श्रम हो। पुराना दार्शनिकले सोच अर्थात् संसारलाई बुझ्ने कुरालाई नै सबैथोक मानेका थिए तर वास्तवमा मानिसको जिन्दगी संसारलाई बुझेर होइन, उसको कार्यबाट परिवर्तन हुन्छ।

कुनै पनि भोको व्यक्तिलाई सबभन्दा पहिले खानेकुरा आवश्यक हुन्छ। ऊ कुनै दर्शनको किताबले अघाउँदैन। कुनै व्यक्तिलाई चीसोबाट मुक्त हुनको लागि न्यानो कपडा वा न्यायो ठाउँ आवश्यक हुन्छ। चीसोको अस्तित्वको बारेमा सोच बनाउँदा ऊ त्यसबाट मुक्त हुन सक्दैन।

मानिसका आवश्यकताले उसलाई श्रम गर्न बाध्य बनाउँछ र त्यही श्रमले संसारलाई बदल्छ। यो कुरा इतिहासलाई हेर्दा स्पष्ट रूपमा बुझ्न सकिन्छ। मानिसले कृषि कार्यको शुरुवात उसलाई अन्न रोप्नुपर्छ भन्ने ज्ञान भएर मात्र गरेको होइन। उनीहरूले भोक मेटाउनु थियो। उनीहरू शिकारमा निर्भर रहन सक्दैनथे। मानिसले गरेको आगोको खोज पनि विचारबाट नभएर चीसोबाट काम्दै गरिएको एउटा प्रयोग थियो। हरेक नयाँ खोज, हरेक नयाँ परिवर्तन, पाङ्ग्राको आविष्कार होस् वा यन्त्रको शुरुवात जस्ता सबै कुरा पहिले आवश्यकता अनुसार भए। त्यसपछि तिनीहरूबाट विचार प्रकट भए। मानिसले पहिले अन्न तथा फलफुल जस्ता खानेकुराको खेती गरे, त्यसपछि उनीहरूले धर्म, दर्शन, राजनीति र कानूनका कुरा शुरु गरे।

अब यहाँ विचार कहाँबाट आउँछ भन्ने प्रश्न उठ्छ। के त्यो आकाशबाट आउँछ वा यो कुनै पढेलेखेको बौद्धिक व्यक्तिको देन हो? कदापि होइन। सोच वा विचार हाम्रो वस्तुस्थितिबाट उत्पन्न हुन्छ। एउटा किसान र जमिन्दारको सोच कहिल्यै एउटै हुँदैन। किनकी उनीहरूको अवस्थिति, काम, सङ्घर्ष र अनुभव अलग-अलग हुन्छन्। सोच जिन्दगीबाट निक्लिन्छ, बाँकी सबै किताबमा बन्द भएको ज्ञान हो, जुन धरातलीय यथार्थताबाट कटेको हुन्छ।

श्रमबाट आत्मविश्वास आउँछ, सोचबाट आउँदैन। सोच श्रमसँगै अगाडि बढ्यो भने मात्र त्यसको प्रभाव हुन्छ। श्रमबिनाको सोचले केवल भ्रम मात्र पैदा गर्छ। क्रान्ति पनि केवल विचार वा सोचले मात्र हुँदैन। मार्क्सका अनुसार संसारका दार्शनिकहरूले केवल संसारलाई बुझ्ने प्रयास गरे तर संसारलाई बदल्ने कुरा मुख्य हो। परिवर्तन ल्याउनको लागि सिद्धान्तबाट मात्र केही पनि हुँदैन। क्रान्तिको लागि जमिनमा उत्रिनुपर्छ; मेहनत गर्नुपर्छ, सङ्गठन बनाउनुपर्छ र विद्यमान शोषणमा आधारित प्रणालीसँग सङ्घर्ष गर्नुपर्छ। किसान आन्दोलन, मजदुर हड्ताल वा उत्पीडितहहरूको आन्दोलन जस्ता कुनै पनि आन्दोलन पोस्टर बनाएर वा भाषण दिएर मात्र अगाडि बढ्दैन। त्यसको लागि जनतालाई सँगै ल्याउनुपर्छ, उनीहरूको भोक र पीडालाई बुझ्नुपर्छ; व्यवहारमा उत्रिनुपर्छ।

यसको अर्थ सोच वा विचार बेकार हुन्छ भन्ने होइन। यो धेरै आवश्यक हुन्छ तर त्यो सोच धरातलसँग जोडिएको हुनुपर्छ र श्रमबाट खारिएर निक्लिएको हुनुपर्छ। बुद्धिजीवी भनिएकाहरूबाट निक्लेको सोच प्रायः जनताबाट कटेको हुन्छ। बुद्धिजीवीको सोचले कहिल्यै गरीबको पेट भरिँदैन, मजदुर-किसान शोषण र पीडाबाट मुक्त हुँदैनन्। त्यसकारण त्यो बुद्धिजीवी भनिएको व्यक्तिको विचारको कुनै अर्थ छैन।

कुनै पनि व्यक्तिको विचार श्रम र अनुभवबाट निक्लिएको खण्डमा मात्र त्यसको अर्थ हुन्छ। श्रमले नै वास्तविक विचारलाई जन्म दिन्छ। विचार श्रमसँग जोडिएपछि मात्र त्यसले संसारलाई परिवर्तन गर्दछ। कामबाट सोच परिवर्तन हुन्छ र संसार पनि परिवर्तन हुन्छ।

### फायरबाखको कमजोरी

लुडविग फायरबाख एक ठूला दार्शनिक थिए। उनले ईश्वर र धर्मको आलोचना गरे। उनले भने, ईश्वर मानिसकै कल्पना हो। त्यसबेला यो धेरै ठूलो कुरा थियो। किनकि धेरैजसो मानिस अन्धविश्वासमा डुबेका थिए। फायरबाखले मानिसलाई ईश्वरभन्दा माथि राखिदिए। यो एकप्रकारले सोचको क्रान्तिकारी मोड थियो। यद्यपि फायरबाखको सोच अधुरो थियो। फायरबाखले मानिसलाई समाजबाट कटाएर हेरे। उनका अनुसार मानिस एक व्यक्तिगत प्राणी हो, जो सोच्छ, महसुस गर्छ; उसलाई धर्मले गुमराहमा पारिदिएको छ। तर उनले मानिस सोचेजस्तो बन्दैन, बरु अवस्थिति अनुसार नै मानिसले सोच बनाउँछ भन्ने कुरा देख्न सकेनन्।

फायरबाखको भनाई अनुसार हामीले धर्मबाट बाहिर निक्लिएर मानवलाई मानवकै रूपमा हेर्नुपर्छ भन्ने थियो। यो कुरा सही थियो। तर उनले मानिसको अवस्था कसरी परिवर्तन हुन्छ भन्ने कुरा बताएनन्। यदि धर्म एउटा भ्रम हो भने त्यो भ्रम कसरी उत्पन्न हुन्छ र त्यसलाई कसरी नष्ट गर्न सकिन्छ? मार्क्स-एङ्गेल्सले फायरबाखको यही कमजोरीलाई समाते। उनीहरूले भने, फायरबाखले ईश्वरले मानिसलाई नबनाएर मानिसले ईश्वरलाई बनाइरहेको छ भन्ने कुरा मात्र देखे। तर उनले मानिसलाई यसो गर्नमा बाध्य कसले बनाइरहेको छ भन्ने कुरा देखेनन्। मानिसलाई धर्मको बन्धनमा राखेर उसलाई सोच्न नदिने र उसलाई दया, मोक्ष, स्वर्ग, नरक जस्ता भ्रामक चीजको चक्करमा अल्झाउने शक्ति कुन हो?

यो सबै कार्य गर्ने शक्ति भनेको समाजको भौतिक स्थिति हो; अर्थात् अन्याय, अत्याचार, शोषण, गरीबी। यी सबैले मानिसलाई कुनै सहायताको खोजीमा लिएर जान्छन्। मानिसले त्यही सहायता धर्ममा खोज्छन्। उनीहरू सोच्छन्, यहाँ त हामीले केही पाउन सकेनौं, शायद ईश्वरले दिनेछ। अब यहाँ यदि कोहीसँग रोजगारी, पैसा, आदि नहुँदा ऊ मन्दिर, मस्जिद, चर्च जस्ता ठाउँमा किन जान्छ भन्ने कुरा बुझ्नुपर्छ। किनभने उसलाई कुनै अलौकिक शक्तिले नै आफ्नो मद्दत गर्नेछ भन्ने लाग्छ। र, यही सोच पटक-पटक दोहोऱ्याइन्छ, ताकि उसले कहिल्यै प्रश्न नगरोस्।

धर्म केवल सोचको मामिला मात्र नभएर यो गरीबी र विवसताबाट उत्पन्न हुन्छ। फायरबाखले यी भौतिक स्थितिलाई देख्न सकेनन्। उनले मानिसको सोच बदलियो भने धर्मको अन्त्य हुनेछ भन्ने ठाने। तर मार्क्स-एङ्गेल्सका अनुसार सोच बदलेर हुँदैन, अवस्था बदल्नुपर्छ। मानिसको अवस्थालाई बदलेपछि ऊ स्वयंले भन्नेछ, अब मलाई कुनै ईश्वरको आवश्यकता पर्दैन।

मार्क्स-एङ्गेल्सले पहिलो पटक मानिसलाई एक्लो होइन, समाजको हिस्साको रूपमा हेरे। उनीहरूका अनुसार मानव एक सामाजिक प्राणी हो र उसको सोच पनि समाजबाट नै निर्माण हुन्छ। यदि समाजमा अन्याय, गरीबी, भेदभाव छ भने मानिस भयभीत पनि हुनेछ र ईश्वरलाई पनि मान्नेछ; हरेक चीज तथा अवस्थालाई भाग्य मानेर चुपचाप बस्नेछ।

फायरबाखको कमजोरी मानिसलाई एक्लो इकाई मान्नु थियो। तर वास्तविक मानव समाजकै बीचमा हुर्किन्छ र समाजले नै उसलाई भय, भरोसा, विश्वास र सोच दिन्छ।र, समाज जस्तो छ, त्यस्तै सोच उत्पन्न हुन्छ। त्यसकारण मार्क्स-एङ्गेल्सले भने, सोच मात्र परिवर्तन गरेर केही हुँदैन, जिन्दगीको धरातल परिवर्तन गर्नुपर्छ। सबभन्दा पहिले मानिसले मानवीय अवस्था प्राप्त गर्नुपर्छ, त्यसपछि ईश्वर जस्तो कुनै भ्रमित चीज अर्थहीन लाग्नेछ। त्यसपछि खास सोच भयबाट होइन, स्वतन्त्रताबाट उत्पन्न हुन्छ।

फायरबाखले शुरुवात राम्रो गरेका थिए तर उनी त्यहीं रोकिए। उनले ईश्वरलाई ढाले तर मानिसलई उभ्याएनन्। उनले धर्मको आलोचना गरे तर समाजको गरेनन्। समाजलाई नबुझुन्जेलसम्म मानिसलाई पनि पूर्ण रूपमा बुझ्न सकिंदैन। यही नै उनको सबभन्दा ठूलो कमजोरी थियो।

### ब्रुनो बाउरको हवाई सोच

ब्रुनो बाउर एक यस्ता दार्शनिक थिए, जो संसारका हरेक समस्यारूको जरा मानवको सोचमा हुन्छ भन्ने मान्थे। उनका अनुसार मानिसले स्ययंलाई बुझ्नको लागि आफ्नो दिमागलाई स्वतन्त्र बनाउनुपर्छ। अर्थात् यदि सोच सही भयो भने सबै कुरा ठीक हुनेछ। तर मार्क्स-एङ्गेल्सले उनको विचारलाई सीधै खारेज गरिदिए। किनकि उनको सोच जमिनबाट होइन, हावाबाट आएको थियो।

ब्रुनो बाउरको मान्यता अनुसार मानिसको अस्तित्व उसको आत्मजागरूकतामा हुन्छ। उनका अनुसार मानिसले आफ्नो दिमागमा क्रान्ति गरेपछि समाज स्वतः बदलिनेछ। यो कुरा सुन्दा त निकै शानदार लाग्छ। तर वास्तविकता अर्कै छ। मार्क्स-एङ्गेल्सका अनुसार सोच मानिसले केही गरेपछि मात्र उत्पन्न हुन्छ। उसले कारखानामा काम गरेपछि, खेत जोतेपछि, बच्चाको पालनपोषण गरेपछि, भाडा तिरेपछि मात्र वास्तविक संसारसँग सङ्घर्ष गर्दछ र त्यहींबाट सोच निक्लिन्छ। तर ब्रुनो बाउर त केवल विचार भएको तर जमिन नभएको संसारमा बाँचिरहेका थिए।

मजदुर आफूले सही ज्याला नपाएकोले, बिदा नपाएकोले र आफ्नो कामको कुनै मूल्य नै नभएकोले दुःखी हुन्छ। ब्रुनो बाउरले समाजका यी वास्तविक सङ्घर्षलाई पूर्ण रूपमा बेवास्ता गरिदिए। उनको लागि त सबै कुरा सोचको खेल थियो। उनका अनुसार क्रान्ति केवल पुस्तकमा मात्र हुन्छ। तर मार्क्स-एङ्गेल्सका अनुसार क्रान्ति भोको पेटले खाना मागेपछि, मजदुर आफ्नो अधिकारको लागि उभिएपछि र किसानले आफ्नो मुक्तिको लडाइँ लडेपछि हुन्छ।

मार्क्स-एङ्गेल्सका अनुसार वास्तविकतासँग नजोडिएको, जनताको वास्तविक सङ्घर्षलाई पहिचान गर्न नसक्ने सोच केवल एक भ्रम मात्र हो। ब्रुनो बाउरको सबभन्दा ठूलो गल्ती यही थियो। उनले मानिसलाई जमिनबाट उठाएर दिमागमा कैद गरिदिए। मार्क्स-एङ्गेल्सले मानिसलाई उसको श्रम (काम), सङ्घर्ष र भोकमा हेरे। उनीहरूका अनुसार मानिसको अवस्था परिवर्तन नहुन्जेलसम्म सोचलाई स्वतन्त्रता बनाउने कुरा केवल एउटा सपना मात्र हो। ब्रुनो बाउरले प्रश्न उठाउने कुरा राम्रै थियो तर उनका प्रश्न हावामा थिए। तिनका जवाफ जमिनमा उत्रिंदैनथे। उनले मानिसलाई सोच बदल्न भने। तर मार्क्सले भने, अवस्था बदलिएपछि सोच स्वतः बदलिनेछ।

सोचको कुनै महत्त्व हुँदैन भन्ने होइन तर धरातलसँग जोडिएपछि, श्रमबाट खारिएर निक्लिएपछि र आवश्यकताबाट निक्लिएपछि मात्र त्यसको महत्त्व हुन्छ। ब्रुनो बाउरको सोच एउटा किताबको सोच थियो भने मार्क्स-एङ्गेल्सको सोच एउटा भोको मानिसको खानाको। ब्रुनो बाउर स्वयंलाई पहिचान गर्नुपर्छ भन्थे। तर मार्क्स-एङ्गेल्स सबभन्दा पहिले शोषणलाई पहिचान गर्नुपर्छ र त्यो व्यवस्थासँग लड्नुपर्छ भन्थे। यही कारणले गर्दा ब्रुनो बाउरका कुरा सुन्दर भए पनि प्रभावकारी थिएनन्। किनकी उनी कुनै आन्दोलनसँग जोडिएका थिएनन्, कुनै श्रमबाट निक्लिएका थिएनन्।

मार्क्स-एङ्गेल्सका अनुसार क्रान्ति दिमाग वा सोचबाट शुरु हुँदैन, बरु भोक र सङ्घर्षबाट शुरु हुन्छ। त्यसकारण ब्रुनो बाउरको सोच एक हवाई किल्ला थियो, जसमा बस्न त मज्जा आउँथ्यो तर त्यो खस्ने वित्तिकै ध्वस्त हुन्थ्यो। वास्तविक सोच ईंटा तथा पर्खालले बनेको हुन्छ, श्रम र पीडाबाट बनेको हुन्छ र त्यसमा परिवर्तनकारी शक्ति हुन्छ।

### म्याक्स स्टर्नरको व्यक्तिवादी र अहंकारी सोच

म्याक्स स्टर्नर एकदमै फरक प्रकारका चिन्तक थिए। उनले भने, मानिसले कुनै पनि नियम, समाज, धर्म वा विचारधाराबाट बाँधिनु आवश्यक छैन। हरेक मानिस स्वयंमा एक विशिष्ट योद्धा हो, जसलाई कोही अरूले नियन्त्रण गर्न सक्दैन। उनको दृष्टिमा समाज, नैतिकता, कानून जस्ता सबै सामाजिक चीज मानवीय स्वतन्त्रतालाई दमन गर्ने तरीका हुन्।

स्टर्नरको विचार धेरै स्पष्ट थियो तर खतरायुक्त पनि थियो। उनले मानिसलाई एकदम एक्लो बनाइदिए। उनका अनुसार मानिसले अरुको चिन्ता गर्नु आवश्यक छैन, केवल आफ्नो लागि मात्र बाँच्नुपर्छ; आफ्नो स्वार्थ र फाइदालाई हेर्नुपर्छ। मार्क्स-एङ्गेल्सले स्टर्नरको यो सोचमाथि गम्भीर आक्रमण गरे। उनीहरूका अनुसार मानिस एक्लै पैदा हुँदैन; मानिस एक्लै जिउन र सङ्घर्ष गर्न पनि सक्दैन। मानिस एक सामाजिक प्राणी भएकोले ऊ आफ्ना नाता, श्रम र सङ्घर्षबाट बन्छ। यदि सबैले केवल

क्रमशः चौथो पृष्ठमा

# जेन–जीका माग तत्काल सम्बोधन गर : माओवादी

**काठमाडौं ।** प्रमुख प्रतिपक्ष दल नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) ले जेन-जी पुस्ताले उठाएका माग तत्काल सम्बोधन गर्न सरकारको ध्यानाकर्षण गराएको छ। माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले जेन-जीले उठाएका सामाजिक सञ्जालमाथिको प्रतिबन्ध हटाउने र भ्रष्टाचारविरुद्धका मागहरूलाई तत्काल सम्बोधन गर्न माग गरेका हुन् ।

स्थितिलाई थप बिग्रिन नदिन सरकारलाई सचेत गराउँदै माओवादीले जारी गरेको एक प्रेस नोटमा 'जेन-जीले उठाएका सामाजिक सञ्जालमाथिको प्रतिबन्ध हटाउने र भ्रष्टाचारविरुद्धका मागहरूलाई तत्काल सम्बोधन गरियोस्' भनिएको छ 'स्थिति थप बिग्रिन नदिन सरकारले जिम्मेवारीपूर्वक ठोस कदम चालोस् ।'

स्रोतका अनुसार काठमाडौंसहित देशका विभिन्न स्थानमा जेन-जी पुस्ताको प्रदर्शन र देशको समसामयिक अवस्थालाई मध्यनजर गर्दै माओवादीका उपलब्ध पदाधिकारीहरूको आकस्मिक बैठक गोरखाको भीमसेन थापा गाउँपालिका-३, टारिफाँटमा बसेको हो ।

सोही बैठकले आफ्नो जारी 'जनतासँग माओवादी मध्यपहाडी (पुष्पलाल लोकमार्ग) जनजागरण अभियान' स्थगित गर्दै काठमाडौंमा पूर्ण पदाधिकारी बैठक बोलाउने निर्णय गरेको समेत स्रोतले बतायो ।

# जेन–जी आन्दोलनमा दर्जनौं होटलमा तोडफोड : दुई हजार कामदारको रोजीरोटी गुम्नसक्ने

**काठमाडौं ।** जेन-जी आन्दोलनका क्रममा अराजक समूहले गरेको तोडफोड र आगजनीका कारण देशभरका करिव दुई दर्जन होटलमा ठूलो क्षति पुगेको होटल संघ नेपालले बताएको छ।

होटल संघले देशभरका विभिन्न सहरमा रहेका ती होटलहरूमा भएको आगजनी र तोडफोटबाट २५ अर्ब बाराबरको क्षति पुगेको हो। संघको प्रारम्भिक अनुमानले कूल २५ अर्बभन्दा बढीको आर्थिक क्षति भएको दावी गर्दै जसमध्ये काठमाडौंको 'हिल्टन होटल'मा मात्रै ८ अर्बभन्दा बढीको क्षति भएको अनुमान लगाएको छ। काठमाडौं उपत्यका, पोखरा, बुटवल, भैरहवा, झापा, मोरङ, विराटनगर, धनगढी, महोत्तरी, दाङ, तुल्सीपुरलगायतका क्षेत्रमा सञ्चालित स्वदेशी तथा विदेशी ब्राण्ड होटलहरू जेन-जी आन्दोलनको तारो बनेको थिए। अराजक भीडले ती होलटहरूमा तोडफोड, लुटपाट र आगजनी गरी व्यापक क्षति पुऱ्याएको संघका अध्यक्ष विनायक शाहले जानकारी दिए। ती होटलहरूमा मर्मतसम्भार र पुनर्निर्माण नभएसम्म सञ्चालनमा आउन नसक्ने जानकारी दिँदै शाहले तोडफोड भएका होटलमा मात्रै दुई हजारभन्दा बढी कामदार कर्मचारीको रोजीरोटी गुम्न सक्ने देखिएको बताए।

सञ्चालन अवरुद्ध भएका यी होटलहरूले बैंक-वित्तीय संस्था लगायतका आर्थिक दायित्व नियमित रूपमा तिर्न असमर्थ रहने स्थिति सिर्जना भएको समेत उनले बताए। नेपालमा देखिएको समस्याका कारण शरदकालीन सिजनमा घुमघाम गर्ने आउने विदेशी तथा आन्तरिक पर्यटक निकै कम हुने भन्दै व्यापार ठप्प हुने अवस्था सिर्जना भएको बताए। यो स्थितिमा यस क्षेत्रका रोजगारी गर्ने र दैनिक ज्यालादारी वा समयको आधारमा काम गर्ने कामदारको रोजगारीमा असर पर्ने संघले बताएको छ। स्थायी रूपमा काम गर्ने कर्मचारीलाई पनि भुक्तानीमा समस्या हुनसक्ने देखिन्छ। सन् २०२३ को अध्ययन अनुसार हाल नेपालमा पर्यटन क्षेत्रमा मात्रै ११ लाख ९० हजार जनशक्ति क्रियाशील छन् भने त्यसमध्ये करिव ५ लाख प्रत्यक्ष रोजगारीमा संलग्न छन्।

सुशासन, विकार र जनताले खोजेको परिवर्तनका लागि युवाहरूको बलिदान र योद्धाहरूको त्याग प्रशंसनीय भए पनि तोडफोड र आगजनीका कारण निजी क्षेत्र तथा सरकारको ठूलो लगानी र सम्पत्तिमा भएको यो पीडादायी क्षति गम्भीर विषय भएको भन्दै संघले यसका लागि शक्तिशाली अधिकार प्राप्त न्यायिक समिति गठन गरेर घटनाको जाँचबुझ गरी अपराधीबाट उचित क्षतिपूति असूलउपर गरी उसलाई दण्ड दिन भनेको छ।

# सूचना जारी गर्दै सर्वोच्चमा सुनुवाइ स्थगित

**काठमाडौं ।** सर्वोच्च अदालतले बुधबार एक सूचना जारी गर्दै अर्को सूचना जारी नहुँदासम्मका लागि अदालतमा सुनुवाइका क्रममा रहेका मुद्दा पेसी स्थगित गरेको छ।

सर्वोच्च अदालतका मुख्य रजिस्टार विमल पौडेलद्वारा जारी सूचनामा अब अर्को सूचना जारी नभएसम्मका लागि पेसीमा राखिएका मुद्दाहरू स्थगित गरिएको उल्लेख छ। 'मिति २०८२/५/२४ गते भएको आगजनीका कारण सर्वोच्च अदालतमा रहेका मुद्दाका मिसिल, सर्भर, इजलाससमेत जलेर नष्ट भएको हुदाँ आजका लागि तोकिएका मुद्दाको पेसी स्थगित गरिएको छ' सूचनामा उल्लेख गरिएको छ 'भोलिदेखिका पेसीमा रहेका मुद्दाहरूको सुनुवाइ अर्को सूचना नभाएसम्मका लागि स्थगित गरिएको व्यहोरा समेत जानकारीका लागि अनुरोध छ। यसबाट सर्वसाधरण सेवाग्राहीमा पर्न गएको असुविधाका लागि सर्वोच्च अदालत दुःख व्यक्त गर्दछ।'

नेपालमा केही दिनअघि चर्चामा आएको 'जेन-जी' पुस्ताको प्रदर्शनका क्रममा मंगलबार सर्वोच्च अदालतमा समेत आगजनी भएको थियो। सामाजिक सञ्जालमाथिको प्रतिबन्ध हटाउने र भ्रष्टाचारविरुद्धका माग राख्दै जेन-जी पुस्ताले सुरु गरेको आन्दोलनका भड्किएपछि मुलुकले अकल्पनीय जनधनको क्षति व्यहोर्नु परेको छ।

# देशभर मौसम बदली, एक–दुई स्थानमा भारी वर्षा हुने

**काठमाडौं ।** देशभर साधारणतया मौसम बदलीसहित कैही स्थानमा सामान्यदेखि भारी वर्षाको सम्भावना रहेको छ। अहिलेको मनसुनको न्युन चापीय रेखा पूर्वमा सरदर स्थान वरपर र पश्चिममा सरदरभन्दा केही उत्तरतिर अवस्थित छ।

कोशी प्रदेश, मधेस प्रदेश, बागमती प्रदेश, गण्डकी प्रदेश र लुम्बिनी प्रदेश लगायत देशका पहाडी भू-भागका केही स्थानमा र बाँकी तराईका भू-भागका थोरै स्थानमा मध्यम वर्षाको सम्भावना छ। जल तथा मौसम पूर्वानूमान महाशाखाले मधेश प्रदेशलगायत कोशी प्रदेश, बागमती प्रदेश, गण्डकी प्रदेश र लुम्बिनी प्रदेशको पहाडी भू-भागका एक-दुई स्थानमा भारी वर्षाको सम्भावना रहेको जल तथा मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।

कोशी प्रदेशको पहाड र मधेस प्रदेश, गण्डकी प्रदेश र लुम्बिनी प्रदेशका तराईका भु-भागका एक-दुई स्थानमा भारी वर्षाको सम्भावना रहेको छ। बुधबार रातिदेखि परेको अविरत वर्षाका कारण पहिरो जाँदा कालीगण्डकी कारिडोर सडक अवरुद्ध बनेको छ। कालीगण्डकी कारिडोर सडकको गल्मी खण्डअन्तर्गत कालीगण्डकी गाउँपालिका-२ स्थित राक्से भन्ने स्थानमा सडक माथिबाट पहिरो खसेपछि गए रातिदेखि सो सडक पूर्ण रूपमा अवरुद्ध बनेको हो।

सडक अवरुद्ध भएको जानकारी पाएपछि प्रहरीचौकी पुर्तीघाटबाट प्रहरी टोलीलाई बिहानै सडक सुचारुका लागि पहिरो गएको स्थानका खटाई सकिएको प्रहरीले जनाएको छ। अहिले पनि उक्त क्षेत्रमा लगातार वर्षा भइरहेका कारण सडकमा थुप्रिएको पहिरो पन्छाउन समस्या परेको जिल्ला प्रहरी कार्यालय गुल्मीका सूचना अधिकरी गंगाबहादुर सारुले जानकारी दिए। सडक अवरुद्ध बनेपछि त्यस क्षेत्रबाट पर्वत, बागलुङ एवं रिडी हुँदै पाल्पा र बुटवलसम्म आवत-जावत गर्ने सवारीसाधन सञ्चालनमा आउन सकेका छैनन्। वर्षा रोकिनासाथ सडक सुचारु गर्नका लागि स्थानीय निर्माण कम्पनी कालिका कन्ट्रक्सनले पहिरो पन्छाउने उपकरण तयारी अवस्थामा राखेको सूचना अधिकारी सारुले बताए।

# त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल सिञ्चालनमा

**काठमाडौं ।** जेन-जी पुस्ताको आन्दोलनले भड्किएर उग्र रूप लिएपछि भदौ २४ गते बन्द गरिएको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको नियमित उडान बुधबारदेखि सञ्चालन भएको छ। विमानस्थलका महाप्रबन्धक हंशराज पाण्डेले बुधबार साँझदेखि नै विमानस्थलको उडान नियमित रूपमा सञ्चालन भइरहेको जानकारी दिएका हुन्।

'विगतका दिनहरूमा जस्तै आन्तरिक र अन्तर्राष्ट्रिय उडान सामान्य रूपमा सञ्चालन भइरहेको छ। यात्रु आवागमनलाई सहज तुल्याउन सुरक्षा निकायसँग समन्वय गरिएको छ' उनले भने। विमानस्थलको हालको उडान तालिका भन्दा उडान थप्नसक्ने अवस्था नरहेको र विगतकै क्षमतामा हवाई उडान नियमित गरिने विमानस्थलले जनाएको छ।

काठमाडौं उपत्यकामा निषेधाज्ञा जारी रहेकाले हवाई यात्रुलाई परिचय खुल्ने कागजातका आधारमा आवत-जावतमा सहजीकरण गरिएको छ। नेपाल पर्यटन बोर्डले सटल बसको व्यवस्था गरी विदेशी पर्यटकलाई गन्तव्यमा पुऱ्याइने जनाएको छ। यता वायुसेवा कम्पनीले पनि आफ्ना यात्रुलाई विभिन्न व्यवस्था गरेर गन्तव्य लगिरहेको विमानस्थलले बताएको छ।

निजी क्षेत्रका हवाई कम्पनी बुद्ध एयरका सूचना अधिकारी दीपेन्द्रकुमार कर्णले बुधबार बिहानदेखि नियमित रूपमा उडानहरू भइरहेका छन्।

'जेन-जी पुस्ता'का कारण विषम परिस्थिति उत्पन्न भए पनि यही भदौ २४ गतेदेखि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल बन्द गरिएको थियो। विमानस्थल सुरक्षा समितिको बैठकको निर्णय अनुसार बुधबार दिउँसो ३:३० बजेदेखि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको उडान पुनः थाल्ने निर्णय गरिएको थियो।

बुधबार साँझदेखिनै आन्तरिक र अन्तर्राष्ट्रिय दुवै उडान सञ्चालन भइरहेका विमानस्थल स्रोतले जनाएको छ। विमानस्थलले हवाई उडानका लागि विमानस्थल आवागमन गर्ने यात्रुले आ-आफ्नो वायुसेवा कम्पनीसँग सम्पर्क गरी उडान समयको जानकारी लिएर विमानस्थल आउन अनुरोध गरेको छ। विमानस्थलले आवत-जावत गर्दा आधिकारिक हवाई टिकट र परिचय खुल्ने कागजात साथमा लिएर आउन आग्रह गरको छ।

पछिल्लो समय देशमा उत्पन्न विषम परिस्थितिका कारण मंगलबार दिउँसो २:३० बजेदेख त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अनिश्चि कालका लागि बन्द गरिएको थियो। यही भदौ २३ गते राति १ बजेसम्मका लागि बन्द गरिएको विमानस्थल मंगलबार पुनः सूचना निकाालेर साँझ ६ बजेसम्म बन्द गरिएको थियो। उक्त सूचनामा उपत्यकामा जारी निषेधाज्ञा, उपत्यकाभित्रको विषम परिस्थितिलगायत त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल वरपर विमान उडाउन अवतरण मार्गमा देखिएको धुवालगायतले विमानको सुरक्षामा गम्भीर असर पर्न सक्ने देखिएको अर्को सूचना नभएसम्मका लागि विमानस्थल बन्द रहने व्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि अनुरोध गरिएको थियो।

साथै विमानस्थल बन्द रहेको अवस्थामा विमानस्थलमा नआइदिन हुन तथा विमानस्थल खुलेको सूचना पाएपश्चात सम्बन्धित वायुसेवा कम्पनीमा सम्पर्क गरेर मात्र विमानस्थल आउन सम्पूर्ण यात्रुवर्गमा विमानस्थलले अनुरोध गरेको छ। यसबाट यात्रुवर्गमा पर्न गएको असुविधाप्रति पनि विमानस्थलले क्षमा मागेको छ।




# विचारधाराको...

आफ्नो लागि मात्र सङ्घर्ष गरे भने समाज विखण्डित हुन्छ; कहिल्यै परिवर्तन हुँदैन । समाजमा व्यक्तिले बेरोजगारी, अशिक्षा, शोषण, अन्याय र विभेद बेहोरेपछि एक्लै कोही हुँदैन भन्ने कुरा बुझ्छ ।

स्टर्नरले मानिसको स्वतन्त्रता एकसाथ सङ्घर्ष गरेपछि मात्र प्राप्त हुन्छ भन्ने कुरा बुझ्नेनन् ।उनले स्वतन्त्रतालाई स्वार्थ ठाने । तर मार्क्स-एङ्गेल्सका अनुसार वास्तविक स्वतन्त्रता सबैलाई समानता प्राप्त भएपछि मात्र प्राप्त हुन्छ, जहाँ कोही कसैको दास हुँदैन, जहाँ सबैसँग श्रम, सम्मान र यसबाट जिउने हक हुन्छ । र, यो स्वतन्त्रता एक्लै प्राप्त हुँदैन । यो सङ्गठित सङ्घर्षबाट मात्र प्राप्त हुन्छ । एक्लो योद्धाले केवल कथामा मात्र विजय प्राप्त गर्छ । वास्तविक जिन्दगीमा सबै जनता सँगै मिलेर मात्र परिवर्तन ल्याउन सक्छन् ।

स्टर्नरले हरेक मानिसलाई संसारको मालिक बताए तर मानिसको संसारमा उसको लागि चाहिने आधारभूत आवश्यकता भएन भने के हुन्छ भन्ने कुरा बताएनन् । उनी मानिसलाई आफ्नो मनमा लागेको कुरा गर, कसैसँग डराउनु आवश्यक छैन भन्छन् । तर भोको, बेरोजगार र शोषित व्यक्तिले मनमा लागेको कुरा गर्नेवित्तिकै स्वतन्त्र हुन्छ त ? कदापि हुँदैन । ऊ त आफ्नो जिन्दगीबाट भय, भोक र असमानता हटेपछि मात्र स्वतन्त्र हुन्छ । र, यो काम कुनै एक्लो व्यक्तिले गर्न सक्दैन । यो काम जनता सँगै मिलेर सङ्घर्ष गरी प्रणालीलाई परिवर्तन गरेपछि मात्र सफल हुन्छ ।

स्टर्नरले मनिसलाई कसैको कुरा नसुन्ने एक जिद्दी योद्धा बनाए । तर मार्क्स-एङ्गेल्सले मानिसलाई एक जीवित, सोचबुझपूर्ण समाजको हिस्सा माने । उनीहरूका अनुसार मानिसलाई स्वतन्त्रता आवश्यक छ तर त्यो स्वतन्त्रता सबै मिलेर सङ्घर्ष गरेपछि मात्र प्राप्त हुन्छ, एक्लै केही पनि हुँदैन । स्टर्नरको सोचले मानिसलाई व्यक्तिवादमा सीमित गरिदियो । तर समाज नहुन्जेलसम्म एउटा व्यक्तिको कुनै अर्थ हुँदैन । एक्लै लड्ने योद्धाको अन्तमा भारी असफलतासँगै पतन हुन्छ । तर एकसाथ मिलेर अगाडि बढ्ने मानिसले इतिहास निर्माण गर्छन् । त्यसकारण स्टर्नरको गल्ती मानिसलाई एक्लो रूपमा हेर्नु र उसलाई अरु मानिसबाट कटाउनु थियो । जबकि वास्तविक सङ्घर्ष धेरै मानिस सँगै मिलेर लडिन्छ र वास्तविक स्वतन्त्रता पनि सबै मिलेर मात्र प्राप्त हुन्छ ।

**निष्कर्ष**

'जर्मन विचारधारा' केवल एक दार्शनिक ग्रन्थ मात्र होइन, बरु एउटा क्रान्तिकारी कार्यक्रम हो, जसले संसारलाई बुझ्ने र परिवर्तन गर्ने एउटा नयाँ वैज्ञानिक पद्धति प्रस्तुत गर्छ । यो कृतिमा मार्क्स-एङ्गेल्सले सामाजिक परिवर्तनको कुञ्जी दार्शनिकहरूको दिमागमा नभएर उत्पादनका तरीका र वर्गसङ्घर्षको भौतिक संसारमा निहित हुन्छ भन्ने कुरा स्पष्ट पारेका छन् । उनीहरूको मुख्य सिद्धान्त अनुसार 'परिवर्तन सोचबाट होइन, श्रम (काम) बाट हुन्छ ' ।

यो पुस्तकमा मार्क्स-एङ्गेल्सले फायरबाख, बाउर र स्टर्नरजस्ता दार्शनिकहरूको सीमिततालाई उजागर गर्दै विचारधारा भनेको प्रभुत्वशाली वर्गको हितलाई स्थापित गर्ने एउटा भ्रम मात्र हो भन्ने कुरा देखाएका छन् । यसले ऐतिहासिक भौतिकवादको माध्यमबाट साम्यवादलाई पुँजीवादको आफ्नै अन्तर्विरोधहरूको परिणाम स्वरूप एक अनिवार्य ऐतिहासिक सम्भावनाको रूपमा प्रस्तुत गर्छ । यो कृति एउटा शक्तिशाली उपकरण हो, जसले समाजलाई बुझ्न, विश्लेषण गर्न र अन्ततः क्रान्तिको माध्यमबाट परिवर्तन गर्न मार्गदर्शन गर्दछ । यो एउटा पुस्तक मात्र होइन, वास्तविकता देखाउने दर्पण र परिवर्तनको लागि शक्ति प्रदान गर्ने हतियार हो ।

**सन्दर्भ स्रोतहरूः**


Marx, Karl, and Engels, Friedrich. The German Ideology. 1845-46. (Progress Publishers, 1976 edition is a common reference).

Marx, Karl. Theses on Feuerbach. 1845. (Appended to most editions of The German Ideology).

Engels, Friedrich. Review of Karl Marx's "A Contribution to the Critique of Political Economy". 1859. (This contains a clear later explanation of the base/superstructure model by Engels himself).

Lenin, V.I. The Three Sources and Three Component Parts of Marxism. 1913. (A classic text outlining the pillars of Marxist thought).

Althusser, Louis. Ideology and Ideological State Apparatuses. 1970. (A modern Marxist interpretation of ideology that builds directly on the foundation laid in The German Ideology).

Study and Research of various websites, blogs, online portals and youtube channels.

https://archive.org/download/germanideologymarxengels/German%20Ideology%20Marx%20Engels.pdf


# दुई कारागारबाट भागेका चार कैदी पक्राउ

**काठमाडौं ।** जिल्ला प्रहरी कार्यालय बागलुङले जिल्ला कारागार कास्की र जिल्ला कारागार म्याग्दीबाट भागेका चार कैदीबन्दीलाई नियन्त्रणमा लिएको छ ।

भागेर बागलुङ पस्न लागेका ती कैदीबन्दीलाई मालढुंगा चेकपोष्टबाट बुधबार नियन्त्रणमा लिएको जिप्रका बागलुङका प्रहरी निरीक्षक केशव थापाले जानकारी दिए । जिल्ला प्रहरी कारागारबाट भागेका तीन जना र जिल्ला कारागार म्याग्दीबाट भागेका एक जनालाई प्रहरीले पक्राउ गरेको हो ।

# नेपालले आन्तरिक समस्या शीघ्र हल गर्छ : चीन

**काठमाडौं ।** नेपालको पछिल्लो अवस्थाबारे एक वक्तव्य जारी गर्दै छिमेकी मुलुक चीनले नेपालमा चाँडो भन्दा चाँडो शान्ति सुव्यवस्था कायम हुनेमा आफू आशावादी रहेको बताएको छ ।

चीनको परराष्ट्र मन्त्रालयमा आयोजित नियमित पत्रकार सम्मेलनमा विदेश मन्त्रालयका प्रवक्ता माओ निङले चीन र नेपाल परम्परागत मित्र र छिमेकी मुलुक रहेको उल्लेख गर्दै नेपालका सबै क्षेत्रले आन्तरिक विषयलाई उचित ढंगले सम्बोधन गर्ने र देशमा व्यवस्था र स्थिरता फर्काउने विश्वास व्यक्त गरेकी छन् । 'आशा छ कि नेपालका विभिन्न क्षेत्रले आन्तरिक समस्याहरूलाई सही तरिकाले समाधान गर्नेछन् र चाँडै देशमा व्यवस्था र स्थिरता फर्काउनेछन्' प्रवक्ता माओले भनेकी छन् ।

# अस्पतालमा घाइते भरिभराउ, प्रदर्शनकारीको उपचार गर्न भ्याईनभ्याई

**काठमाडौं ।** जेन-जी पुस्ताले देशव्यापी रूपमा गरेको प्रदर्शनका कारण देशको राजनीतिक, आर्थिक, सामाजिक, शिक्षा, व्यापार-व्यवसाय, स्वास्थ्यलगायतका सम्पूर्ण क्षेत्र प्रभावित बनेको छ । सोमबार काठमाडौं केन्द्रित प्रदर्शन भड्किएर देशव्यापी रूपमा फैलिएर सबै क्षेत्र प्रभावित भएको हो ।

नयाँबानेश्वर क्षेत्रमा सोमबार भएको प्रदर्शनका क्रममा घाइते भएकाहरूको उपचारमा अस्पतालहरूलाई भ्याइनभ्याइ भएको हो । मीनभवनस्थित सिभिल अस्पतालले घाइतेको चाप अध्यधिक भएसँगै हाललाई आकस्मिक बाहेकका अन्य सेवा बन्द गरिएको बताएको छ । अस्पतालका निर्देशक डा मोहनचन्द्र रेग्मीले घाइते बिरामीका लागि खानालगायत अत्यवश्यक सेवा पुर्‍याउन कठिन भएको बताए । 'स्रोतसाधनको समस्या छ, जनशक्ति व्यवस्थापन पनि त्यत्तिकै चुनौतीपूर्ण छ । चिकित्सक तथा नर्सहरू 'डबल ड्युटी' गरे भए पनि अहोरात्र खटिनुभएको छ' उनले भने 'तर हाललाई 'ओपिडी' र 'ओटी' सेवा बन्द गरिएको छ । हिजोदेखि ड्युटीमा आएका आज मात्र घर फर्किँदै हुनुहुन्छ ।'

सोमबार प्रदर्शनका क्रममा घाइते भएका ४६ जनाको अस्पतालमा उपचार भइरहेको जानकारी दिए । त्रिवि शिक्षण महाराजगञ्ज अस्पतालका निर्देशक डा सुवास आचार्यका अनुसार अहिले अस्पतालमा प्रदर्शनमा घाइतेहरूलाई उच्च प्राथमिकता राखेर उपचार भइरहेको जानकारी दिए । शिक्षण अस्पताल महाराजगञ्जमा हाल ५३ जना घाइतेहरूको उपचार भइरहेको पनि उनले बताए । 'अत्यावश्यक र 'रेफर' भएर आएका विरामीको भने उपचार रोकिएको छैन । डबल ड्युटीमा खटेर हामीले काम गरिरहेका छौं' उनले भने घर जाने अवस्था नभएकाले स्वास्थ्यकर्मीहरू अस्पतालमै रही काम गरिरहनुभएको छ ।' निर्देशक आचार्यकाले 'ओपिडी' नियमति रूपमा सञ्चालन भइरहेको, आकस्मिक सेवा चाप रहेको, हाललाई मुख्य शल्यक्रिया बन्द गरिएको जानकारी दिँदै यातायात नियमित रूपमा चल्न थालेपछि सबै सेवा सञ्चालन गरिने बताए ।

यसैगरी 'राष्ट्रिय ट्रमा सेन्टरमा हाल ४० जना घाइतेको उपचार भइरहेको छ । जसमा चार जनालाई शल्यक्रियापछि 'आइसीयु'मा राखिएको छ । अहिले त अवस्था ठिकै छ । तर एउटा एम्बुलेन्स नै तोडफोड गरेका छन्' अस्पतालका निर्देशक डा बद्री रिजालले भने 'चिकित्सक र नर्स ल्याउन भने केही समस्या छ । स्रोतसाधन अभावका बीच पनि उपचार सेवा रोकेका छैनौं ।' परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल समेत २४ सैं घण्टा सेवा सञ्चालनमा रहेको जनाएको छ । सो अस्पतालका निर्देशक डा श्रीप्रसाद अधिकारीले जस्तोसुकै परिस्थितिमा पनि आफ्नो सेवालाई निरन्तरता दिने प्रतिबद्धता गरिन् । 'ओपिडी नियमित नै सञ्चालन छ' उनले भनिन् 'आकस्मिक सेवा चलिरहेकै छ । शुल्क लिएर दिइने सेवा (पेइड सर्भिस) बन्द गरिएको छ ।'

# आगलागी, तोडफोड र लुटपाटका घटनाप्रति बारको भर्त्सना

**काठमाडौं ।** नेपाल बार एसोसिएसनले प्रदर्शनका क्रममा मंगलबार भएका आगजनी, तोडफोड र लुटपाटका घटनाप्रति भर्त्सना गर्दै आम जनताको जीउधनको रक्षा र राष्ट्रिय सम्पत्तिको सुरक्षा गर्न सम्बद्ध सुरक्षा निकायको ध्यानाकर्षण गराएको छ ।

बारका महासचिव केदारप्रसाद कोइरालाले बिहीबार एक विज्ञप्ति जारी गर्दै जनताको जिउधनको रक्षाका लागि सुरक्षा निकायको ध्यानाकर्षणसहित शान्ति बहालीका लागि सम्पूर्ण जनसमुदायमा अपिल गरेका छन् । प्रदर्शनको दोस्रो दिन बारको भवन तथा सवारीसाधन, सर्वोच्च अदालतलगायतका अड्डा-अदालतहरूमा भएको आगजनी, तोडफोड र लुटपाटका घटनाप्रति नेपाल बारले भर्त्सना गरेको छ । 'आपसी वार्ता, मेलमिलाप र सहिष्णुताले मात्र प्रणाली सुदृढ हुन्छ र शान्ति सुरक्षा कायम रहन्छ भन्ने कुरामा हामी दृढ छौं' विज्ञप्तिमा उल्लेख छ 'कानुन व्यवसायीहरूको निजी आवास, कार्यालय र निजी सम्पत्तिमाथि गरिएको तोडफोड र लुटपाटसम्बन्धी कार्यको निन्दा गर्दछौं । कानुन व्यवसायीमाथि गरिएको गालीगलौज र दुर्व्यवहारको विरोध गर्दछौं ।'

अधिवक्ता अजयशंकर झाको निजी तथा सार्वजनिक सम्पत्तिमाथिको आगजनी, तोडफोड र लुटपाटसहितको हिंसात्मक घटनाले आमनागरिकको जीउधनको सुरक्षामा गम्भीर चुनौती दिएको बारले स्पष्ट गरेको छ । 'देशभरिका अदालत र बार एकाइहरूमा गरिएको आगजनी, तोडफोड र लुटपाटले हामीलाई मर्माहत र स्तब्ध बनाएको छ । जसको पीडा शब्दमा अभिव्यक्त हुन सक्दैन' विज्ञप्तिमा भनिएको छ 'नेपाली जनताको आस्थाको धरोहर, पुरातात्विक एवं ऐतिहासिक महत्व बोकेका दस्तावेज एवं न्याय निरूपणसम्बन्धी अभिलेखसहितको सर्वोच्च अदालतलगायतका अदालतहरूको भवन आगजनी भइ अपुरणीय क्षति पुर्‍याएको घटना नेपाली न्यायिक इतिहास र नेपाली मौलिक परम्परामाथिको प्रहार भएको महसुस गरेका छौं ।'

'अदालतहरूमा रहेका बाँकी दस्तावेज र अभिलेखहरूलाई सुरक्षित गरौं, न्यायपालिकाको सम्पत्ति, प्रतिष्ठा र विश्वसनीयता जोगाउन पहल गरौं, आगामी पुस्ताका लागि न्यायको आधारभूत संरचना जोगाउन हातेमालो गर्दै नष्ट हुन बाँकी रहेका महत्वपूर्ण दस्तावेज र प्रमाणहरूको सुरक्षामा ध्यान दिई थप क्षति हुन नदिन सम्पूर्ण बार एकाइलगायत तत्तत् निकायहरू समक्ष आग्रह गर्दछौं' विज्ञप्तिमा उल्लेख गरिएको छ 'न्यायपालिकामा सुधार आवश्यक छ, तर त्यस्तो सुधार स्वतन्त्र न्यायपालिकासम्बन्धी राष्ट्रिय, अन्तरराष्ट्रिय मूल्यमान्यता र सिद्धान्त बमोजिम हुनुपर्दछ भन्ने हाम्रो मान्यता रहेको छ ।'

# सिंहदरबारमा पनि तोडफोड, आगजनी र लुटपाट, अधिकांश मन्त्रालयमा अपूरणीय क्षति

**काठमाडौं ।** भ्रष्टाचार नियन्त्रण, सामाजिक सञ्जालको निर्वाध सञ्चालनको माग गर्दै जेन-जी पुस्ताले आह्वान गरेको प्रदर्शनका क्रममा मुलुकले ठूलो भौतिक क्षति व्यहोर्नु परेको छ । प्रदर्शनको पहिलो दिन सोमबार नयाँ बानेश्वरस्थित निषेधित क्षेत्र तोड्ने क्रममा भएको झडपमा ठूलो मानवीय क्षति भएसँगै दोस्रो दिन मंगलबार प्रदर्शनले उग्ररूप लिएको हो ।

मंगलबार भएको विध्वंसात्मक प्रदर्शनले देशको प्रमुख प्रशासनिक केन्द्र सिंहदरबारसहित देशभरका महत्वपूर्ण संरचनामा अपुरणीय क्षति भएको छ । गोरखा भूकम्पपछि भर्खरै पुनर्निर्माण सम्पन्न भएको सिंहदरबारस्थित पुरातात्विक महत्वको प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका अधिकांश भाग जलेर ध्वस्त भएको छ । आगजनी भएको केही दिनपछि सम्म पनि सिंहदरबारभित्रका अधिकांश मन्त्रालयका भवनबाट आगोका लप्का र धुँवा आइरहेको देख्न सकिन्थ्यो । आगजनीबाट सिंहदरबारस्थित गृह, ऊर्जा, जलस्रोत तथा सिँचाइ, अर्थ, शिक्षा विज्ञान तथा प्रविधि, संघीय मामिला तथा सामान्य प्रशासन, स्वास्थ्य तथा जनसंख्या, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा बढी प्रभावित भएको देखिन्छ । सिंहदरबारस्थित नेपाली कांग्रेस र नेपाल कम्युनिस्ट पार्टी ( एमाले) संसदीय दलको कार्यालय पूर्णरूपमा क्षति भएको छ ।

आगजनीबाट सिंहदरबाभित्र पार्किङ गरिएका करिब एक हजार सवारी साधनमा आगजनी र तोडफोड भएको छ । आन्दोलनकारीले मन्त्रालयका कम्प्युटर, प्रिन्टर, ल्यापटप, कुर्सीलगायत महत्वपूर्ण सामग्री तोडफोड र लुटपाट भएको सम्बन्धित मन्त्रालयका कर्मचारीले जानकारी दिएका छन् । यसबाट राज्यलाई अर्बौंको क्षति भएको अनुमान गर्न सकिन्छ । प्रदर्शनकारीले राष्ट्रिय अनुसन्धान विभाग, केन्द्रीय क्यान्टिन, दूध विकास संस्थानको बिक्री केन्द्रमा पनि लुटपाट, तोडफोड र आगजनी गरेका छन् । आन्दोलनकारीबाट भएको आजगनीबाट मन्त्रालयमा रहेका राज्य सञ्चालनसम्बन्धी महत्वपूर्ण कागजात छरपस्ट भएको देखिन्छ ।

प्रदर्शनकारीको आक्रमणको निशानामा परेको प्रमुख प्रशासकीय केन्द्रमा घटनापछि सन्नाटा प्रायः छाएको छ । सिंहदरबार परिसर बाहिर रहेको काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालय पनि आगजनीबाट पूर्णरूपमा ध्वस्त भएको छ । आगजनीबाट कार्यालय भवन, आवास, अत्यावश्यक रासन, करिब चार सयभन्दा बढी सवारी साधन र करिब दुई लाखभन्दा बढी सवारी चालक अनुमतिपत्र जलेर पूर्णरूपमा नष्ट भएको कार्यालयले जनाएको छ । आगजनीबाट मेट्रो ट्राफिक एफएम स्टेसन र भवनमा पनि ठूलो क्षति पुगेको देखिन्छ ।

प्रदर्शनकारीको आगजानीबाट मुलुकको न्याय प्रशासनको प्रमुख केन्द्र 'सर्वोच्च अदालत' समेत क्षतिग्रस्त बनेको छ । अदालत प्रशासनका अनुसार आगलागीबाट त्यहाँ रहेका महत्वपूर्ण अभिलेख, फैसला, मिसिल र कागजातलगायत उपकरण र भौतिक संरचना नष्ट भएको छ । आगजनी नियन्त्रण र क्षति भएका भौतिक संरचनाको व्यवस्थापन तथा सरसफाइको काम सुरु भएको छ ।

## जेन–जी आन्दोलनमा अराजक तत्त्वको घुसपैठ दुःखद् : श्रेष्ठ

**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) का वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठले जेन-जी पुस्ताको प्रदर्शनमा अराजक तत्वहरूको घुसपैठ भएर नकारात्मक मोड दिइएको बताएका छन् ।

पाँच बुँदे अपिल गर्दै उनले देशलाई विदेशी हस्तक्षेपबाट जाउँदै जेन-जी आन्दोलनलाई राष्ट्रिय सार्वभौमिकता, लोकतान्त्रिक प्रणालीको मजबुती, सुशासन र सामाजिक न्यायसहितको समृद्धिमा केन्द्रित गर्न आग्रह गरेका हुन् । जेन-जी आन्दोलनले सुशासन र भ्रष्टाचारविरुद्ध उठाइएको मुद्दामा आफ्ना् समर्थन रहेको बताउँदै उनले अराजक तत्वहरूको घुसपैठले आन्दोलनलाई नकारात्मक मोड दिएको र राज्यका निकायसहित सार्वजनिक सम्पत्तिमा आक्रमण हुनु दुःखद भएको टिप्पणी गरे।

आफ्ना पाँच बुँदे अपिलमा विदेशी हस्तक्षेपबाट देशलाई जोगाउन, लोकतन्त्रलाई परिमार्जन गरेर अगाडि बढाउन, प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखसहित राजनीतिक स्थिरता कायम गर्न, सुशासन र भ्रष्टाचार अन्त्यलाई सुनिश्चित गर्न तथा सामाजिक न्यायसहितको समृद्धि हासिल गर्नुपर्ने उल्लेख गरेका छन् ।

## सञ्चारकर्ममा संलग्न चार पत्रकार घाइते

**काठमाडौं ।** 'जेन-जी' प्रदर्शनको समाचार संकलनमा खटिएका चार पत्रकार घाइते भएका छन् । नयाँ बानेश्वर क्षेत्रमा विरोध प्रदर्शनको समाचार संकलन गर्न खटिएका पत्रकारहरू श्याम श्रेष्ठ, दीपेन्द्र ढुंगाना, उमेश कार्की र शम्भु दंगाल घाइते भएका नेपाल पत्रकार महासंघले जनाएको छ ।

घाइते पत्रकारको ट्रमा सेन्टर, पाटन अस्पताल र सिभिल अस्पतालमा उपचार भइरहेको छ । महासंघका महासचिव रामप्रसाद दाहालले घाइते पत्रकारको अवस्थाबारे जानकारी लिने काम भइरहेको बताए ।

## जेन–जी प्रदर्शनका क्रममा तीन प्रहरीको ज्यान गयो

**काठमाडौं ।** जेन-जी पुस्ताका नाममा सुरु भएको हिंसात्मक प्रदर्शनका क्रममा घाइते भएका तीन जना प्रहरीको ज्यान गएको छ । नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता, प्रहरी नायव महानिरीक्षक विनोद घिमिरेले उनीहरूको मृत्यु पुष्टि भएको जानकारी दिएका हुन् ।

उनले महाराजगञ्ज प्रहरी वृत्तमा कार्यरत प्रहरी सहायक निरीक्षक मिलन राई र प्रहरी जवान उत्तम थापा तथा कोटेश्वरका प्रहरी जवान अमृत गुरुङको उपचारका क्रममा मृत्यु भएको जानकारी दिए ।

भदौ २३ मा भएको जेन-जी पुस्ताको प्रदर्शनका क्रममा १९ जनाको मृत्यु भएको थिए भने चारभन्दा बढी घाइते भएका थिए । उनले अहिलेसम्म देशभरका विभिन्न कारागारबाट १३ हजार ५ सय बढी कैदी तथा  ५ सय जति थुनुवा समेत फरार भएका जानकारी दिए ।

## अत्यावश्यक कामबाहेक बाहिर ननिस्कन आग्रह

**काठमाडौं ।** जिल्ला प्रशासन कास्कीले अत्याश्यक कामबाहेक बाहिर ननिस्कन सर्वसाधारणसँग आग्रह गरेको छ । यही सोमबार र मंगलबार जिल्लाका विभिन्न स्थानमा भएको विरोध प्रदर्शनका क्रममा अवाञ्छित तत्व समेत प्रवेश गरी सरकारी तथा निजी सम्पत्ति, व्यापारिक प्रतिष्ठान, होटल आदि तोडफोड, आगजनी तथा लुटपाट भएको घटनाप्रति ध्यानाकर्षण गराउँदै जिप्रकाले सूचना जारी अत्यावश्यक कामबाहेक बाहिर ननिस्कन आग्रह गरेको छ ।

त्यस्ता गतिविधिलाई नियन्त्रण गर्न गत राति १० बजेदेखि नेपाली सेनासहित जिल्लास्थित सुरक्षा निकाय परिचालन भइसकेको र जिल्लामा शान्ति सुरक्षा सामान्य बन्दै गएको सूचनामा उल्लेख गरिएको छ ।

सूचनामा विषम परिस्थितिमा आम सर्वसाधारणलाई संयमित रहन आग्रह गर्दै अत्यावश्यक कामबाहेक बाहिर ननिस्कन आग्रह गरिएको छ । कुनै अवाञ्छित तथा अराजक गतिविधि भएमा नेपाली सेनाको ०६१-५८११६०, ९७६३२४६०२२, नेपाल प्रहरीको ९८५६०३९५९९, सशस्त्र प्रहरी बलको ०६१-५४४०८८, ९८५१२७२२०८० र १११४ (टोल फ्रि) मा सम्पर्क गरी खबर गर्न सबैमा प्रशासनले आग्रह गरेको छ ।

## उच्छृङ्खल गतिविधिमा संलग्न २७ पक्राउ, ३३ लाख बरामद

**काठमाडौं ।** जेन-जी पुस्ताको नाममा सुरु भएको प्रदर्शनका क्रममा उत्पन्न भएको विषम परिस्थितिको अनुचित फाइदा उठाई लुटपाट, आगजनी र जीउधनको क्षति गर्ने मनसायले उछृङ्खल गतिविधिमा संलग्न २७ जना पक्राउ परेका छन् । सोमबार सुरु भएको प्रदर्शन भड्किएर मंगलबार संघीय राजधानी काठमाडौंलगायत देशका विभिन्न स्थानमा आगजनी, तोडफोड र लुटपाटसहित विध्वंसात्मक गतिविधि भएको हो । सोही क्रममा देशका विभिन्न स्थानमा विध्वंसात्मक तथा अराजक गतिविधिमा संलग्न भएका उनीहरूलाई मंगलबार राति १० बजे नेपाली सेनाले नियन्त्रणमा लिएको हो । सुरक्षा निकायले काठमाडौंको गौशाला-चाबहिल-बौद्ध क्षेत्रबाट लुटपाटमा संलग्न व्यक्तिबाट ३३ लाख ७० हजार बरामद गरिएको सेनाले जानकारी दिएको छ ।

काठमाडौंका विभिन्न स्थानबाट २३ र पोखराबाट ८ नाल गरी विभिन्न किसिमका हतियार ३१ थान तथा म्यागजिन एवं गोलीगठ्ठा बरामद भएको पनि सेनाले जनाएको छ । सार्वजनिक तथा निजी सम्पत्तिमाथि प्रदर्शनकारीले लगाएको आगो तीनवटा बारुणयन्त्रको प्रयोग गरी नियन्त्रण गर्ने कार्य भइरहेको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ ।

## ३४ को मृत्यु, हजारभन्दा बढी घाइते

**काठमाडौं ।** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले 'जेन-जी' पुस्ताको प्रदर्शनका क्रममा अहिलेसम्म अस्पतालमा मात्रै ३४ जनाको मृत्यु र एक हजार बढी घाइतेहरूको उपचार भएको जनाएको छ ।

मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीका अनुसार देशभरका ४१ अस्पतालमा ३४ जनाको मृत्यु हुनुका साथै एक हजार ३ सय ६८ जनाको उपचार भएको छ । मन्त्रालयले जेन-जी आन्दोलनका क्रममा मृत्यु र घाइते भएकाको विवरण विभिन्न अस्पतालमा सम्पर्क गरी सार्वजनिक गरेको जनाएको छ । निजामती कर्मचारी अस्पतालमा ६, राष्ट्रिय ट्रमा सेन्टरमा ८, एभरेष्ट अस्पतालमा ३, काठमाडौं मेडिकल कलेज सिनामङ्गलमा २, त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालमा एक, बयोधा अस्पतालमा २, फ्रन्टलाइन अस्पतालमा ३, बी एन्ड सी अस्पताल विर्तामोडमा एक, विर्तासिटी अस्पतालमा एक, बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा २ र भेरी अस्पतलालमा ५ गरी ३४ जनाको निधन भएको जनाइएको छ ।

यसैगरी, अहिलेसम्म विभिन्न अस्पतालमा भर्ना भएका ३ सय २१ जना घाइतेहरूको उपचार भइरहेको छ । सचिव डा विकास देवकोटाले अहिले पनि निजामती कर्मचारी अस्पतालमा ४८, ट्रमा सेन्टरमा ५८, त्रिवि शिक्षण अस्पतालमा २५ र काठमाडौं मेडिकल कलेजमा ३५ र वीरेन्द्र सैनिक अस्पतालमा २६ जनाको उपचार भइरहेको छ जानकारी दिँदै सचिव डा विकास देवकोटाले ९ सय ४९ जना उपचारपश्चात घर फर्किसकेका समेत जानकारी दिए ।

## प्रधानमन्त्री ओलीको राजीनामा राष्ट्रपतिबाट स्वीकृत

**काठमाडौं ।** प्रधानमन्त्री केपी शर्मा ओलीले पदबाट दिएको राजीनामा स्वीकृत भएको छ । राष्ट्रपति रामचन्द्र पौडेलले प्रधानमन्त्रीको राजीनामा स्वीकृत गरेका हुन् ।

राष्ट्रपति कार्यालयका अनुसार नेपालको संविधानको धारा ७७ को उपधारा (३) बमोजिम अर्को मन्त्रिपरिषद गठन नभएसम्म सोही मन्त्रिपरिषदले कार्यसञ्चालन गर्ने जिम्मेवारी समेत तोकिएको छ । मुलुकमा उत्पन्न असमान्य परिस्थितिलाई ध्यानमा राख्दै मंगलबार प्रधानमन्त्री ओलीले पदबाट राजीनामा दिएके प्रधानमन्त्रीको सचिवालयले जानकारी दिएको हो ।

२०८१ असार ३१ गते नेपालको संविधानको धारा ७६ (२) अनुसार प्रधानमन्त्री नियुक्त भएका ओलीले संविधानसम्मत् राजनीतिक निकास र समस्या समाधानको थप पहलका लागि संविधानको धारा ७७ (१) (क) बमोजिम मंगलबारकै मितिदेखि लागू हुनेगरी पदबाट राजीनामा दिएको राजनामा पत्रमा उल्लेख थियो । नेपाल कम्युनिस्ट पार्टी (एमाले) का अध्यक्ष समेत रहेका ओली पछिल्लो पटक २०८१ असार ३१ गते नेपाली कांग्रेसलगायत दलहरूको समर्थनमा प्रधानमन्त्री बनेका थिए ।

## सर्वोच्च, विशेष र काठमाडौं जिल्ला अदालतमा आगजनी

**काठमाडौं ।** 'जेन-जी पुस्ता'को प्रदर्शनका क्रममा सर्वोच्च अदालतमा आगजनी  भएको छ। सर्वोच्च अदालतमा रहेको गाडीहरूमा तोडफोड गरी आगजनी गरिएको सर्वोच्च अदालतका सहप्रवक्ता निराजन पाण्डेले जानकारी दिए ।

आन्दोलनकारीले महान्यायाधिवक्ता कार्यालयमा समेत तोडफोड र आगजनी गरेका छन् । त्यस्तै, विशेष अदालत र जिल्ला अदालत काठमाडौंमा समेत आगजनी गरेका छन् । महान्यायाधिवक्ता कार्यालय, विशेष अदालत, जिल्ला अदालत काठमाडौंका मुद्दाका काजजात बाहिर निकालेर समेत आगजनी गरिएको छ ।

## संविधान र गणतन्त्र रक्षाको माग गर्दै युवाहरू सडकमा

**काठमाडौं ।** संविधान एवं लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था रक्षाको माग गर्दै युवा विद्यार्थीले चाबहिल चोकमा प्रदर्शन गरेका छन् ।

नेपाली कांग्रेस निकटको नेपाल तरुण दल र नेपाल विद्यार्थी संघमा आबद्ध युवाहरूले बिहीबार दिउँसो चाबहिलमा प्रदर्शन गरेका हुन् । भ्रष्टाचार र बेथितिविरुद्ध जेन-जीले उठाएका मुद्दा सकारात्मक रहेको भन्दै युवा विद्यार्थीले संविधान र लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको विकल्प खोजे सह्य नहुने बताए । कुनै पनि नाममा एकतन्त्रीय, निरङ्कुश र अधिनायकवादी शासन व्यवस्था स्वीकार गर्न नसकिने भन्दै उनीहरूले खबरदारी समेत गरे । लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाका लागि आफूहरूले पनि रगत र पसिना बगाएको उल्लेख गर्दै उनीहरूले 'वि वान्ट डेमोक्रेसी', 'राष्ट्रपतिलाई सार्वजनिक गर', 'भ्रष्टाचारीलाई कारबाही गर', 'संविधान मास्न पाइँदैन', 'जनताको जीउ ज्यानको रक्षा गर', 'शान्ति सुरक्षा कायम गर' जस्ता नारा लगाएका थिए ।

यसैबीच राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले पनि संविधानको मर्म, संघीय गणतान्त्रिक शासन व्यवस्था, लोकतान्त्रिक मूल्य र मान्यतामा कसैसँग सम्झौता गर्न नसकिने बताएको छ ।

## ९७ नाल हतियार बरामद भएको छ : नेपाली सेना

**काठमाडौं ।** नेपाली सेनाले जेन-जीको प्रदर्शनपछि भएका घटनामा मुलुकका विभिन्न स्थानबाट लुटिएकामध्ये ९७ नाल हतियार बरामद भएको बताएको छ ।

यस अवधिमा राजधानीको सुन्धरास्थित केन्द्रीय कारागारबाट भागेका चार जना कैदीबन्दी तथा डोटी सिलगढीस्थित बालसुधार गृहबाट भागेका तीन जना बालबन्दीलाई नियन्त्रणमा लिइएको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ । धादिङको गजुरी कारागारबाट भागेका ३९ जना कैदी र बाँकेको डडुवास्थित जयन्दु बालसुधार गृहबाट फरार भएका १६ जना बालबन्दीलाई पनि सेनाले नियन्त्रणमा छ । बाँकेको नेपालगञ्जस्थित जिल्ला कारागारमा होहल्ला तथा आगजनी गरी बाहिर निस्कन खोजेका कैदीबन्दीलाई नियन्त्रणमा लिइएको र त्यसक्रममा एक जना कैदी घाइते भएको पनि सेनाले जानकारी दिएको छ ।

सेनाले काभ्रेपलाञ्चोकको बनेपा-९ स्थित नयाँ बस्तीमा फेला परेको आठ वटा सकेट बम सुरक्षित साथ डिस्पोज गरेको जनाएको छ । ललितपुरको भैँसेपाटीका स्थानीयले तोडफोडमा परेको त्यहाँको प्रहरी चौकी सरसफाई गरी प्रहरीलाई बस्नका लागि आमन्त्रण गरेको जानकारी दिइएको छ ।

## सभापति देउवालगायतका नेतामाथि भएको भौतिक आक्रमणको निन्दा

**काठमाडौं ।** नेपाली कांग्रेसले पार्टी सभापति शेरबहादुर देउवालगायत अन्य नेताहरूमाथि भएको सांघातिक आक्रमणको घोर निन्दा तथा भत्सर्ना गरेको छ ।

प्रवक्ता डा. प्रकाशशरण महतले बिहीबार एक प्रेस विज्ञप्ति जारी गरी नवयुवा पुस्ताद्वारा आयोजित विरोध प्रदर्शनका क्रममा हुन नपर्ने दुःखद् घटना भएको उल्लेख गर्दै दुःख व्यक्त गरेका हुन् । विज्ञप्तिमा भनिएको छ 'धेरै युवा र केहि सुरक्षाकर्मीहरूले ज्यान गुमाउनुपरेको पीडादायी अवस्था हामी सबैका लागि अत्यन्त दुःखदायी छ, मृतकहरूमा श्रद्धाञ्जली अर्पण गर्दछु ।' घाइतेहरूलाई शीघ्र स्वास्थ्यलाभको कामना व्यक्त गर्दै उनले  विरोध प्रदर्शन क्रममा भएको धनजनको ठूलो क्षतिप्रति गम्भीर चिन्ता प्रकट गरेका छन् । कांग्रेसले लोकतन्त्र र संविधानप्रती प्रतिबद्ध अन्य  दलहरूसँग तत्काल संवाद गर्न आवश्यक रहेको भन्दै उनले शान्ति, सुरक्षा, संवैधानिक व्यवस्था र लोकतान्त्रिक प्रक्रियाको संस्थागत पुनःस्थापनाका लागि राष्ट्रपतिको अगुवाईमा हुने संवाद र पहलमा कांग्रेसले सक्रिय पहल गर्न आवश्यक रहेको उल्लेख गरेका छन् ।

उनले मंगलबार देशभर भएको तोडफोड, आगजनी र हिंसात्मक गतिविधिहरू शान्तिपूर्ण लोकतान्त्रिक विरोधको मर्म र मान्यताबाट बाहिर गएको उल्लेख गर्दै पार्टीले देश, जनता र लोकतन्त्र प्रती प्रतिबद्ध नवयुवाहरूले अवश्य पनि यस्तो नचाहेका विश्वास व्यक्त गरे । 'कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाजस्ता लोकतन्त्रका आधारभूत स्तम्भहरूमा समेत आगजनी हुनु गम्भीर छ । म लगायत धेरैको घर निजी सम्पति, उधोगव्यावसाय, सञ्चारगृह लगायतमा भएको आगजनी, तोडफोड र लुटपाट अत्यन्त दुःखद् र निन्दनीय छ' उक्त विज्ञप्तिमा भनिएको छ ।

यसले लगानिको वातावरणलाई पनि बिगारेको र क्षतिपूर्ती गर्न वर्षौ र ठूलो लगानी लाग्ने कांग्रेसको बुझाइ रहेको भन्दै उनले देश अहिले राजनीतिक शून्यता र कानुनी अनिश्चिततामा पुगेको बताए । उनले राष्ट्रपतिको समन्वयमा सुरक्षा निकायहरू सक्रिय भई शान्ति-सुरक्षा अमनचयन कायम हुन जरुरी रहेको उल्लेख गरे । कानुनी शासनको विकल्प र लोकतन्त्रको विकल्प नभएको उल्लेख उनले यस जटिल अवस्थामा पार्टीका सम्पूर्ण साथीहरू एकजुट भई आत्मविश्वास र भरोसा जगाउनु अपरिहार्य रहेको बताए ।

## पूर्वप्रधानमन्त्री खनालपत्नी चित्रकारको स्वास्थ्यमा सुधार

**काठमाडौं ।** पूर्वप्रधानमन्त्री झलनाथ खनालकी धर्मपत्नी रविलक्ष्मी चित्रकारको स्वास्थ्यमा सुधार हुँदै गइरहेको छ। कीर्तिपुरस्थित कीर्तिपुर बर्न अस्पतालमा उपचाररत उनको स्वास्थ्यमा सुधार भइरहेको खनालका स्वकीय सचिव कृष्ण भट्टराईले जानकारी दिएका हुन् ।

उनको सघन उपचार कक्ष (आइसियु)मा उपचार भइरहेको छ । उपचारमा संलग्न चिकित्सक डा निजिना ताम्राकारले उनको फोक्सोमा धुवाँ भरिएको बताइन् । 'अवस्था अलि गम्भीर नै छ । तर स्वास्थ्यमा सुधार भइरहेको छ' उनले भनिन् । चित्रकारको उपचारमा डा ताम्राकारसहितका सर्जनहरूको समूह संलग्न छन् । मंगलबार भएको प्रदर्शनका क्रममा प्रदर्शनकारीले पूर्वप्रधानमन्त्री खनालको डल्लुस्थित घरमा आगो लाएपछि घरबाट निस्कने क्रममा उनकी धर्मपत्नी रविलक्ष्मी आगलागीमा परी गम्भीर घाइते भएकी थिइन् ।

## जेन-जी प्रदर्शन...

यस क्रममा व्यवहारतः अग्रगमनका पक्षधरहरूको पूर्वयोजना, पूर्वतयारी र व्यवस्थित एवम् सङ्गठित पहल कहींकतै देखिएन; केवल जेनजी-आन्दोलनमा हल्काफुल्का सहयोग पुऱ्याउनुका साथै नैतिक समर्थन मात्र जनाएको देखियो। तर, प्रतिगमनकारी तत्त्वहरूले भने निकै लामो तयारी, गम्भीर षड्यन्त्र र भयङ्कर योजनाबद्धताका साथ जेन-जी प्रदर्शनको दुरूपयोग गरेर प्रतिक्रान्तिकारी सत्तापलटकै दुष्प्रयास गरेको देखियो।

२३ र २४ भदौको प्रदर्शनका मुख्य आयोजक र आह्वानकर्ताहरू २४ भदौको अपराह्नपछि अग्रभागमा खासै देखा परेनन्; अनेकौं रूपरङ्गका खुला र छद्मभेषी, रहस्यमयी, विवादास्पद, शङ्कास्पद र केही त जानेचिनिएकै प्रतिगमनकारी तत्त्वहरू 'हिरो' बनेर सतहमा देखापरे। जेन-जी प्रदर्शनको बलमा आततायी ओली सत्ता अपदस्थ भएसँगै आन्दोलनकारी पक्षले कहींकतै र कहिल्यै नउठाएका एजेन्डा- प्रतिनिधिसभाको विघटन, राष्ट्रपतिको राजीनामादेखि प्रदेशसभाहरूको विघटन हुँदै संविधानको खारेजीसम्मका 'माग' हरू जोडतोडले उठाइए। सिङ्गै मुलुक लगभग ४८ घन्टासम्म भयङ्कर अन्योल, आशङ्का र थरीथरीका चलखेलको कैदी हुन पुग्यो।

'जेन-जी आन्दोलन' को आवरणमा मुलुकमा भड्किएको विध्वंस, अशान्ति र अराजकतापछि सबैजसो राजनीतिक व्यक्ति र शक्तिहरूले भयङ्कर अराजकता, विचारविहीनता र निरीहता प्रदर्शन गर्दै भ्रमको खेती गरिरहेका छन्। कसैले यसलाई 'महान् क्रान्ति', कसैले 'विद्रोह' त कसैले 'परिवर्तनकारी आन्दोलन' तथा कसैले चाहिँ नितान्त 'आतङ्क' को संज्ञा दिँदै सोहीअनुकूल व्याख्या गर्ने जमर्को गरिरहेका छन्। यथार्थताचाहिँ यीमध्येको कुनै पनि होइन। यसबीचको घटनाक्रमहरूलाई समग्र संश्लेषण गर्दा यो केवल यथास्थिति, कुशासन र भ्रष्टाचारविरुद्ध जेन-जी पुस्तासहित समग्र जनतामा व्याप्त असन्तुष्टिको विष्फोट हो र अनेकौं स्वार्थ समूहहरूद्वारा त्यसको चरम दुरूपयोगकै संयोजन मात्र हो।

जेन-जी प्रदर्शन राजनीतिक आन्दोलन वा विद्रोह या सङ्घर्ष किन पनि होइन भने यसका पछाडि कुनै राजनीतिक दर्शन-विचार-सिद्धान्त देखापरेन, सुव्यवस्थित प्रकृतिको सङ्गठनात्मक स्वरूप र नेतृत्व पनि देखापरेन र निश्चित राजनीतिक लक्ष्य-उद्देश्य पनि देखापरेन। यो केवल कुशासन निःसृत असन्तुष्टिको विष्फोटका रूपमा मात्र देखापऱ्यो। जेन-जी प्रदर्शन सफल भइसकेपछि आ-आफ्नै स्वार्थको रोटी सेक्न चाहने घुसपैठिया तत्त्वहरूले अनेक विचार-दर्शन, शक्ति-सङ्गठन-नेतृत्व थोपर्ने तथा आ-आफ्नै राजनीतिक स्वार्थअनुकूलका लक्ष्य-उद्देश्यतर्फ दुरूपयोग गर्ने प्रयत्न गरे र त्यो क्रम अझै जारी छ- यो अर्कै पक्ष हो।

यथार्थतः जेन-जी प्रदर्शनपछि मुलुकको राजनीतिमा तात्त्विक परिवर्तन केही पनि आएको छैन। सरकारको बागडोर पुरानै राजनीतिक मूल्य-मान्यता अँगाल्ने एकै वर्गको एउटा तप्काबाट खुस्किएर अर्को तप्कामा पुगेको छ; कुरा यत्ति हो। 'पुराना दलहरू' भनेर दलबाहिरका सीमित मान्छेहरूले जतिसुकै गाली, विरोध र समाप्तिको चाहना/कामना गरे पनि खासमा काङ्ग्रेस, एमाले, माओवादी जस्ता दलहरूको रौंसम्म पनि हल्लिएको छैन; हल्लिने कुनै छाँटकाँट देखिएको छैन। केही समयका लागि संवैधानिक पक्षहरूको अभ्यासमा अलिकति विचलन, अन्योल र अलमल देखापरेको छ; तोकिएको समयमा चुनाव सम्पन्न भयो भने यी पक्षहरू पनि पूर्णतया यथास्थितिमै फर्कने निश्चित छ।

कुरा यति मात्रै हो कि काङ्ग्रेस, एमाले, माओवादीजस्ता दलहरूभित्र पहिल्यैदेखि अन्तर्सङ्घर्ष जारी छ। दलहरूको नीतिविहीनता, कार्यक्रमविहीनता, दिशाहीनता, नेतृत्व आदि-इत्यादि पक्षहरूमा चर्को बहस छ। जेन-जी प्रदर्शनपछि यी पक्षहरूमा केही गति थपिएको छ; थप बल प्रदान भएको छ। तर, यी दलहरूले आफ्नो लय र रफ्तार बदल्ने कुनै लक्षण हालसम्म देखापरिसकेको छैन।

यी घटनाक्रमहरूको समष्टिगत सन्देश भने धेरैजसो दलहरू, नेताहरू र समाजले बुझेकै छ र बुझ्नै पनि पर्छ। मुलुकमा कुन हदसम्मको असन्तुष्टि व्याप्त छ, जनता कुन तहसम्म सचेत र विद्रोही भइसकेका छन् र शासकवर्गको हविगत के-कस्तो छ भन्ने ययार्थतालाई यो प्रकरणले निकै राम्ररी प्रष्ट्याइदिएको छ। अब आफूलाई जे मन लाग्यो त्यही गर्न सकिँदैन; आफ्नो मर्जीअनुरूपको कुशासन लाद्न सकिँदैन र लाद्नु हुँदैन; जसरी पनि र जतिसुकै भ्रष्टाचार गर्न, लुट्न, ठग्न पाइँदैन, मिल्दैन, हुँदैन र सकिँदैन- यी कुरा जनताले सहँदैनन् र अन्ततः एवम् सारतः लोकतान्त्रिक सभ्यता र संस्कारसहितको राजनीतिक प्रणाली एवम् तदनुरूपको व्यवहार अपरिहार्य छ भन्ने सन्देश बडो जोडदार ढङ्गले जेन-जी प्रदर्शन र त्यस क्रममा भएका यावत् गतिविधिमार्फत शासकवर्ग समक्ष सम्प्रेषित भएका छन्। जेन-जी प्रदर्शन र त्यससँगैका घटनाक्रमहरूका उपलब्धि केवल यत्ति नै हुन्।

विनाविचार, विनाव्याख्या, विनायोजना र विनाकार्यक्रम र विनातयारी केही दलहरूले 'गर्छौं' भनिरहेको समाजवादी क्रान्ति गर्ने नै हो भने अब त्यतातिर लम्किन हतार भइसक्यो है भन्ने जबर्जस्त सन्देश हुन् यी घटनाक्रमहरू। कसैमा त्यो इमान र ल्याकत छ भने मुलुक अब त्यसैको व्यग्र प्रतीक्षामा छ। विद्यमान समस्याहरूको सुसङ्गत, समुचित र दीर्घकालीन समाधान एवम् न्याय, समानता र भ्रातृत्व तथा जनता र राष्ट्रको उत्तरोत्तर प्रगतिका निम्ति अरु कुनै पनि उपाय र बाटाहरू बाँकी छैनन्। केही समयका लागि टालटुल र ढाँटछल गरेर सत्तामा पुग्नु, टिक्नु र अन्ततः दर्दनाक एवम् लज्जास्पद ढङ्गले रछ्यानमा मिल्किइनु बेग्लै कुरा हो!

## जनधनको भयंकर...

भवमा क्षति पुगेको छ। उनका अनुसार महान्यायाधिवक्ता कार्यालय, विशेष सरकारी वकिल कार्यालय र जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंमा क्षति पुगेको छ।

यस्तैगरी प्रारम्भिक तथ्यांकअनुसार उच्च सरकारी वकिल कार्यालय हेटौंडा, जिल्ला सरकारी वकिल कार्यालय मकवानपुर, उच्च सरकारी वकिल कार्यालय पोखरा, जिल्ला सरकारी वकिल कार्यालय कास्की, जिल्ला सरकारी वकिल कार्यालय तनहूँ, जिल सरकारी वकिल कार्यालय कैलाली, उच्च सरकारी वकिल कार्यालय नेपालगन्ज, जिल्ला सरकारी वकिल कार्यालय दाङ, उच्च सरकारी वकिल कार्यालय तुलसीपुर, उच्च सरकारी वकिल कार्यालय बुटवल, जिल्ला सरकारी वकिल कार्यालन नवलपरासी, उच्च सरकारी वकिल कार्यालय राजविराज, जिल्ला सरकारी वकिल कार्यालय सप्तरी एवं जिल्ला सरकारी वकिल कार्यालय चितवनमा क्षति पुगेको
रेग्मीले जानकारी दिए।

महान्यायाधिवक्ता रेग्मीले सरकारी वकिल कार्यालयहरू कहिले खुल्ने भन्ने निश्चित नभएको जानकारी दिँदै अब अदालत र सरकारी वकिल कार्यालय मिलेर मिसिल जुटाउने काम हुने बताए।

# गणतन्त्र र संविधानको रक्षाका लागि दृढतापूर्वक उभिन आह्वान

**काठमाडौं।** विभिन्न पार्टीनिकट विद्यार्थी संगठनका १२ जना पूर्वअध्यक्षलगायतका विद्यार्थी नेताहरूले संविधानका आधारमा 'जेन-जी' युवाको माग सम्बोधन गर्नुपर्ने धारणा राखेका छन्। बिहीबार प्रेस विज्ञप्ति जारी गर्दै विद्यार्थी नेताहरूले संसदबाटै राजनीतिक निकास खोज्दै संसदभित्रबाटै नयाँ सरकार गठन गरी निर्वाचनको वातावरण बनाउनुपर्नेमा जोड दिएका हुन्।

नेपाल विद्यार्थी संघका पूर्वअध्यक्ष नैनसिंह महर, अनेरास्ववियुका पूर्वअध्यक्ष नविना लामा र अखिल क्रान्तिकारीका पूर्वअध्यक्ष रञ्जित तामाङलगायतले गणतन्त्र र संविधानको रक्षाका लागि दृढतापूर्वक उभिन पनि आह्वान गरेका हुन्। 'देशलाई अग्रगामी दिशामा लैजान, आन्दोलनरत युवा, विद्यार्थीहरू तथा आम जनताका मागको सम्बोधन, जनचाहनाअनुरूप संविधान संशोधनलगायतका कार्यहरू बृहत् राजनीतिक संवाद र सहमतिमार्फत मात्रै हुन सक्ने विषय भएको ठहर गरेका छौं' विद्यार्थी संगठनद्वारा जारी उक्त विज्ञप्तिमा भनिएको छ।

देशभर व्यापक लुटपाट र आगजनीका घटना भइरहेको परिस्थितिमा जनताको निजी, व्यावसायिक प्रतिष्ठान र सार्वजनिक सम्पत्तिको रक्षा गर्न, अपराधको कैद सजाय भोगिरहेका व्यक्तिहरू जेलबाट भागेको र तिनीहरूले समाजमा थप अपराध गर्ने भएको हुनाले जेलबाट भागेका सम्पूर्ण कैदीहरूलाई खोजी गरी नियन्त्रणमा लिन जोड्दार माग पनि गरिएको छ।

# संविधानसम्मत तरिकाले संक्रमणकालको निकास खोजिनुपर्छ : प्रचण्ड

**काठमाडौं।** समुन्नत लोकतन्त्रको सपना साँचेर सुशासनका पक्षमा 'जेन-जी' पुस्ताले आह्वान गरेको आन्दोलनमा सहादत प्राप्त गर्ने सम्पूर्ण युवाप्रति श्रद्धाञ्जलि तथा परिवारजनमा संवेदना एवं घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना व्यक्त गर्दै नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहालले यही आन्दोलनभित्र घुसेर प्रतिगामी तत्वहरूले तोडफोड, आगजनी र विध्वंसमार्फत बलिदानीपूर्ण संघर्षबाट प्राप्त उपलब्धिलाई उल्ट्याउने ढृष्टता गरिरहेका बताएका छन्।

पूर्वप्रधानमन्त्री समेत रहेका अध्यक्ष दाहालले संविधान र संसदको शून्यतामा खोजिने राजनीतिक निकासले प्रतिगमनलाई नै फाइदा पुऱ्याउने भएकाले अहिले संक्रमणकालीन अवस्थाको हल संविधानसम्मन तरिकाबाट खोजिनुपर्ने बताएका हुन्।

पूर्वप्रधानमन्त्री समेत रहनुभएका पार्टी अध्यक्ष दाहालले संविधान कार्यान्वयनमा देखिएका चुनौतीको गम्भीर समीक्षासहित समावेशी लोकतन्त्रको रक्षा गर्दै प्रत्यक्ष कार्यकारी रहने राजनीतिक प्रणालीका पक्षमा संविधान संशोधन गर्न सके मात्रै समुन्नत लोकतन्त्रको विकास गर्न सकिने बताए। 'यो पक्षलाई अत्यन्तै संवेदनशील र गम्भीर रूपमा लिएर आन्दोलनकारी पक्षले आफ्नो भावी रणनीति विकास गर्ने विश्वास लिएका छौं' अध्यक्ष दाहालद्वारा जारी वक्तव्यमा उल्लेख गरिएको छ। 'जेन-जी' आन्दोलनका 'एजेन्डा'ले यथास्थिति र तदर्थवादी शासन प्रणालीको साटो उन्नत लोकतन्त्रको माग गरेको उल्लेख गर्दै अध्यक्ष दाहालले यो स्थितिमा आन्दोलनभित्र घुसेर प्रतिगामी तत्वहरूले तोडफोड, आगजनी र विध्वंसमार्फत बलिदानीपूर्ण संघर्षबाट प्राप्त उपलब्धिलाई उल्ट्याउने ढृष्टता गरिरहेका बताए। 'हाम्रो स्पष्ट मत छ, लोकतन्त्रको विकल्प समुन्नत र अझ बढी सुदृढ लोकतन्त्र, गणतन्त्रको विकल्प अझ सुदृढ गणतन्त्र मात्रै हो' पूर्वप्रधानमन्त्री दाहालको भनाइ थियो।

अध्यक्ष दाहालले संक्रमणकालीन परिस्थितिको फाइदा उठाउँदै धमिलो पानीमा माछा मार्ने प्रतिगामी षडयन्त्रविरुद्ध सचेत रहँदै एकजुट भएर अघि बढ्न शान्ति, संविधान र गणतन्त्र पक्षधर सम्पूर्ण शक्ति तथा आम जनसमुदायसँग अपिल गरेका छन्। जनताको जीउधन, सार्वजनिक संरचना र निजी सम्पत्तिमा तोडफोड, लुटपाट तथा आगजनीलगायत गतिविधि हुनसक्ने सम्भावनाप्रति सजग रहँदै जनतालाई आइपर्ने कुनै पनि खालको मसस्यासँग जुध्न लागि तम्तयार रहन पार्टीपंक्तिलाई निर्देशित गरे।

यस्तैगरी समुन्नत लोकतन्त्रको सपना सोचेर सुशासनका पक्षमा 'जेन-जी' पुस्ताले आह्वान गरेको आन्दोलनमा सहादत प्राप्त गर्ने सम्पूर्ण युवामा श्रद्धाञ्जलि व्यक्त गर्दै अध्यक्ष दाहालले तथा परिवारजनमा संवेदना र घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गरेका छन्।

उनले आन्दोलनका कैयन पीडादायी पक्ष भए पनि समग्रमा राष्ट्रले अग्रगमनतर्फ अघि बढ्ने सम्भावनाको ढोका खोलेको बताए। अध्यक्ष दाहालले वक्तव्यमार्फत आन्दोलनमा क्रममा भएका हिंसात्मक गतिविधि, तोडफोड, आगजनी, लुटपाटजस्ता घटनाको उच्चस्तरीय न्यायिक छानबिन गर्न माग गरेका छन्।

**इ-सिगरेट प्रयोग नगरौं, सुरक्षित र स्वस्थ रहौं !**

इलेक्ट्रोनिक सिगरेट वा भेपिङ पनि चुरोट वा अन्य सूर्तीजन्य पदार्थ जस्तै स्वास्थ्यका लागि हानिकारक हुन्छ; त्यसैले-

- इ-सिगरेटले निकोटिनको लत बढाउँछ,
- यसले फोक्सोको रोगका साथै स्वास्थ्यमा गम्भीर असर पार्न सक्छ,
- धेरैजसो इ-सिगरेटमा विषालु रसायनहरू हुन्छन्,
- इ-सिगरेट सुरक्षित विकल्प नभई स्वास्थ्यका लागि हानिकारक हुन्छ,
- स्वस्थ जीवनका लागि धूम्रपान र इ-सिगरेट दुवैबाट टाढा बसौं,

**स्वस्थ बनौं, हानिकारक वस्तुबाट टाढै रहौं !**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

प्रकाशकः **कोसेली मिडिया सपोर्ट प्रा.लि.** सम्पादक : **सानु राय (गौतम) [९८४९६००२०९]** बजार व्यवस्थापक : **माधवप्रसाद न्यौपाने [९८४६५२८५०२]**

**कार्यालय** : जोरपाटी, काठमाडौं **फोन** : ९८४७३९५३८६ **इमेल** : janajibro.news@gmail.com **वेबसाइट** : www.janajibro.com **मुद्रण** : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं